# त्रिभुवन विश्वविद्यालय

## कर्मचारी नियुक्ति तथा बढुवाको सिफारिस सम्बन्धी विनियम, २०७३
(२०८१ मङ्सिर २० गतेसम्मको संशोधनसहित)

त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर

# त्रिभुवन विश्वविद्यालय
# कर्मचारी नियुक्ति तथा बढुवाको सिफारिस सम्बन्धी विनियम, २०७३

(संशोधन २०८१)

त्रिभुवन विश्वविद्यालय शिक्षक, कर्मचारी सेवासम्बन्धी नियम २०५० को नियम १२६ ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्ले त्रिभुवन विश्वविद्यालय सेवाको कर्मचारीहरूको नियुक्ति तथा बढुवाको सिफारिसका सम्बन्धमा देहायको विनियम बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **सङक्षिप्त नाम र प्रारम्भ :** (१) यो विनियमको नाम "त्रिभुवन विश्वविद्यालय कमचारीको नियुक्ति तथा बढुवाको सिफारिस सम्बन्धी विनियम, २०७३" रहेको छ ।

(२) यो विनियम तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियममा :

(क) "ऐन" भन्नाले त्रिभुवन विश्वविद्यालय ऐन २०४९ सम्झनु पर्छ ।

(ख) "नियम" भन्नाले त्रिभुवन विश्वविद्यालयका प्रचलित नियमहरू सम्झनु पर्छ ।

(ग) "विश्वविद्यालय" भन्नाले त्रिभुवन विश्वविद्यालय सम्झनु पर्छ ।

(घ) "सेवा आयोग" भन्नाले त्रिभुवन विश्वविद्यालयको सेवा आयोग सम्झनु पर्छ ।

(ङ) "अध्यक्ष" भन्नाले त्रिभुवन विश्वविद्यालय सेवा आयोगको अध्यक्ष सम्झनु पर्छ ।

(च) "सदस्य" भन्नाले त्रिभुवन विश्वविद्यालय सेवा आयोगको सदस्य सम्झनु पर्छ ।

(छ) "प्रतियोगिता" भन्नाले सेवा आयोगद्वारा लिइने बढुवा, आन्तरिक र खुला प्रतियोगिता सम्झनु पर्छ।

(ज) "लिखित परीक्षा" भन्नाले सेवा आयोगद्वारा लिइने प्रतियोगितात्मक लिखित परीक्षा सम्झनु पर्छ ।

(झ) "कर्मचारी" भन्नाले विश्वविद्यालय सेवाका कर्मचारी सम्झनु पर्छ । यस शब्दले सेवा आयोगको प्रतियोगितामा सम्मिलित हुन न्यूनतम योग्यता पुगेका उम्मेदवार कर्मचारी वा व्यक्ति समेत जनाउँछ ।

(ञ) "अनुसूची" भन्नाले यस विनियमको अनुसूची सम्झनु पर्छ ।

(ट) "योग्यता" भन्नाले विभिन्न सेवा, समूहको विभिन्न तहको कर्मचारीको पदमा नियुक्तिका लागि तोकिएको योग्यता सम्झनु पर्छ ।

(ठ) "अङ्क" भन्नाले यस विनियममा उल्लेख भए वमोजिम प्रदान गरिने अङ्क सम्झनु पर्छ ।

(ड) "प्रयोगात्मक परीक्षा" भन्नाले सेवा आयोगबाट लिइने प्रयोगात्मक परीक्षा हुने पदहरूको प्रयोगात्मक परीक्षा सम्झनु पर्छ ।

✪(ढ) "माथिल्लो शैक्षिक योग्यता" भन्नाले विभिन्न सेवा समूहको विभिन्न तहको कर्मचारीको पदमा नियुक्तिका लागि तोकिएको न्यूनतम योग्यताभन्दा माथिल्लो तहको शैक्षिक योग्यता सम्झनु पर्छ । यो शब्दले सम्बन्धित सेवा, समूहको माथिल्लो श्रेणीका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यतालाई समेत जनाउँछ ।

३. **शब्द र वाक्यांशहरूको व्याख्या :** ऐन वा नियममा प्रयुक्त शब्द र वाक्यांशहरू यस विनियममा प्रयुक्त भएकोमा प्रसङ्गवश अर्को अर्थ नलागेमा ती शब्द र वाक्यांशहरूको व्याख्या सोही अनुरूप गरिनेछ ।

## परिच्छेद २
## सिफारिस सम्बन्धी कारबाही

४. **सिफारिस सम्बन्धी कारबाही** : कार्यकारी परिषद्ले स्थायी पदपूर्तिका लागि तोकी पठाएको पद, पदको सङ्ख्या र प्रतियागिताको किसिमका आधारमा सेवा आयोगले कर्मचारीको नियुक्तिका लागि सिफारिस सम्बन्धी कारबाही सुरु गर्नेछ । विज्ञापन भएको मितिले साधारणतया ६ महिनाभित्र सिफारिसको कारबाही टुङ्गो लगाइसक्नेछ । विश्वविद्यालय सेवाको पदपूर्तिका लागि माग गर्दा सो अवधिसम्म रिक्त हुन आएका पद र आगामी ६ महिनाभित्रमा अवकाश तथा बढुवा र आन्तरिक प्रतियोगिताबाट रिक्त हुने पद समेत यकिन गरी माग गर्न सकिनेछ ।

५. **विज्ञापन र आवेदन फाराम** : (१) नियुक्ति तथा बढुवाका लागि सिफारिस गरिने तोकिएका विभिन्न पद, तिनको सङ्ख्या एवं प्रतियोगिताको किसिम समेत खुलाई सेवा आयोगले सिफारिस गर्ने पदहरूको विज्ञापन राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित गर्नेछ ।

(२) विज्ञापन अनुसार आवेदन दिने म्याद विज्ञापनको प्रथम प्रकाशनको मितिबाट कम्तिमा ३५ दिनको हुनेछ । दोब्बर दस्तुर तिरेर थप सात दिनसम्म आवेदन फाराम भर्ने म्याद कायम रहनेछ । *तर विश्वविद्यालयलाई जनशक्तिको आवश्यक परेको अवस्थामा अनलाइनको माध्यपमबाट आवेदन लिने गरी विज्ञापन अनुसार आवेदन दिने म्याद विज्ञापनको प्रथम प्रकाशनको मितिबाट २१ दिनको मात्र हुनेछ र दोब्बर दस्तुर तिरेर थप पाँच दिनसम्म आवेदन फारम भर्ने म्याद रहनेछ । तर दोब्बर दस्तुर तिरेर आवेदन फाराम भर्ने म्याद थप गरिएको अवधि वा पछि विज्ञापनमा कुनै संशोधन गरी वा नगरी जुनसुकै कारणले आवेदन फाराम भर्ने म्याद थप गरिएको भए सो थप अवधिलाई समेत आधार मानी उमेर, शैक्षिक योग्यता, तालिम, अनुभव र सेवा अवधि कुनै पनि प्रयोजनका लागि गणना गरिने छैन ।

(३) विज्ञापन बमोजिम न्यूनतम योग्यता पुग्ने उम्मेदवारहरूले आवेदन फाराम तोकिएको म्यादभित्र सेवा आयोगको कार्यालयमा बुझाई सक्नुपर्नेछ ।

(४) म्यादभित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा विज्ञापनमा उल्लेखित शर्तहरू पूरा नभएको आवेदन फाराममा कुनै कारबाही गरिने छैन ।

(५) सेवा आयोगले प्रतियोगिताका लागि आवेदकहरूमध्येबाट योग्य उम्मेदवारको नामावली प्रतियोगिता हुने दिनभन्दा घटीमा १५ दिन अगाडि प्रकाशित गर्नेछ । साथै, प्रतियोगिता हुने मिति र स्थानबारे प्रतियोगिता हुने दिनभन्दा कम्तीमा पनि १५ दिनअगाडि राष्ट्रिय स्तरका पत्रपत्रिका मार्फत् सूचना प्रकाशित गर्नेछ ।

(६) सेवा आयोगमा दाखिला भइसकेको आवेदन, आवेदन दस्तुर र सम्बन्धित संलग्न कागजात फिर्ता गरिने छैन ।

(७) पदपूर्तिका लागि विज्ञापन गर्दा आवेदन फारामको ढाँचा सेवा आयोगबाट तोकिए वमोजिम हुनेछ ।

## परिच्छेद ३
## प्रतियोगिताका प्रकार र अनुपात

६. **प्रतियोगिताका प्रकार** : सेवा आयोगले बढुवा, आन्तरिक प्रतियोगिता र खुला प्रतियोगिताका आधारमा प्रशासनिक पदमा नियुक्तिका लागि सिफारिस गर्नेछ ।

✪(१) ज्येष्ठता र कार्यसम्पादन मल्याङ्कनद्वारा हुने बढुवा प्रतियोगिता :

(क) जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा गरिने बढुवाका लागि त्रि.वि. शिक्षक कर्मचारी सेवा सम्बन्धी नियम २०५० को नियम ७ को उपनियम (१ख) मा तोकिए बमोजिमको शैक्षिक योग्यता र सेवा अवधि पुगेका कर्मचारीहरु मात्र आफ्नो सेवा समूहको एक तह माथिको पदमा सम्भाव्य उम्मेदवार हुनेछन् । सम्भाव्य उम्मेदवारहरु मध्येबाट जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा बढुवाका लागि सिफारिस गर्दा सम्बन्धित सेवा/समूहको बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदमा सबैभन्दा बढी स्थायी सेवा अवधि भएका र आ.व. २०८०/०८१ मा हुने विज्ञापनका लागि पछिल्लो तीन वर्षको तथा त्यसपछि हुने विज्ञापनमा पछिल्लो चार वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औसतमा असी प्रतिशत वा सोभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारको नाम सेवा आयोगले बढुवाका लागि सिफारिस गर्नेछ । यसरी सेवा अवधि गणना गर्दा बेतलवी बिदा लिएको अवधि, विश्वविद्यालय बाहिरको बेतलवी काजको अवधि तथा यस विनियम १६ को उपनियम (५) मा व्यवस्था भए अनुरुप अध्ययन बिदामा रही अध्ययन पूरा नगरेको अवधि समेत घटाई सेवा अवधि कायम गरिनेछ ।

(ख) खण्ड (क) को प्रावधान अनुरुप पदोन्नतिका लागि सिफारिस गर्ने क्रममा कार्यरत पदमा समान स्थायी सेवा अवधि भएमा हाल बहाल रहेको श्रेणीभन्दा एक श्रेणी मुनिको पदमा नियुक्ति मितिको आधारमा जेष्ठता कायम गरिनेछ । उक्त पदमा पनि समान सेवा अवधि हुन आएमा विश्वविद्यालयमा स्थायी सेवा प्रवेशको नियुक्ति मितिको आधारमा जेष्ठता कायम गरिनेछ । सोमा पनि समान सेवा अवधि भएमा आवेदकको उमेरको आधारमा जेष्ठता कायम गरिनेछ ।

(ग) कार्यसम्पादन मूल्याङ्कन फाराम अनुसूची ३ बमोजिम हुनेछ ।

(घ) खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यरत पदमा कम्तीमा पाँच वर्ष काम गरेका मुख्य प्राविधिक सहायक (कम्प्युटर) ले प्राविधिक अधिकृत (सूचना प्रविधि) र प्राविधिक सहायक (कम्प्युटर) ले मुख्य प्राविधिक सहायक (सूचना प्रविधि) पदमा आवेदन दिन पाउनेछन् ।

(ङ) यो जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा गरिने बढुवा सुविधा सेवा अवधिभरमा एक पटक मात्र प्राप्त हुनेछ ।

(२) कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा प्रतियोगिता :

✪**(क)** कार्यक्षमताको मूल्याङ्कनद्वारा गरिने बढुवाका लागि त्रि.वि. शिक्षक कर्मचारी सेवासम्बन्धी नियम २०५० को नियम ७ को उपनियम (१ख) मा तोकिए बमोजिमको शैक्षिक योग्यता र सेवा अवधि पुगेका कर्मचारीहरु आफ्नो सेवा समूहको एक तह माथिको पदमा सम्भाव्य उम्मेदवार हुनेछन् ।

(ख) खण्ड (क) मा तोकिएको स्थायी सेवा अवधि गणना गर्दा बेतलवी वा असाधारण बिदा लिएको अवधि, गयल भएको अवधि र विश्वविद्यालय बाहिर बेतलबी काजमा गई काम गरेको अवधि तथा विनियम १६ को उपविनियम (५) मा व्यवस्था भए अनुरुप अध्ययन बिदामा रही अध्ययन पूरा नगरेको अवधि समेत घटाई पदोन्नति हुने पदको एक तहमुनिको पदमा खण्ड (क) मा तोकिएको अवधि स्थायी सेवा अवधि पूरा भएको अवस्थामा मात्र बढुवा प्रतियोगितामा भाग लिन पाइनेछ ।

(ग) जुन सेवा, समूह अन्तर्गतका पदमा नियुक्ति भएको हो सोही सेवा समूह अन्तर्गतको एक तहमाथिको पदमा मात्र बढुवाको प्रतियोगितामा भाग लिन पाइनेछ ।

(घ) आवेदन फाराम नभरीकन कुनै पनि कर्मचारी आफू बहाल रहेको पदभन्दा माथिल्लो पदको निमित्त स्वतः उम्मेदवार हुने छैन ।

✪(ङ) खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यरत पदमा कम्तीमा पाँच वर्ष काम गरेका मुख्य प्राविधिक सहायक (कम्प्युटर) ले प्राविधिक अधिकृत (सूचना प्रविधि) र प्राविधिक सहायक (कम्प्युटर) ले मुख्य प्राविधिक सहायक (सूचना प्रविधि) पदमा आवेदन दिन पाउनेछन् ।

**(३) आन्तरिक प्रतियोगिता :**

(क) पदोन्नति हुने पदका लागि तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता र पदोन्नति हुने पदको श्रेणीभन्दा एक तह मुनिको श्रेणीको पदमा न्यूनतम पाँच वर्ष स्थायी सेवा अवधि पूरा गरेका सबै सेवा समूहका कर्मचारीहरूले (अधिकृत प्रथम श्रेणीका पदहरूसम्मको) आन्तरिक प्रतियोगितामा भाग लिन पाउनेछन् ।

(ख) सहायक द्वितीय श्रेणीको पदका लागि तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता र पदोन्नति हुने पदको श्रेणीभन्दा मुनिका सहायक तृतीय वा श्रेणीविहीन पदमा न्यूनतम पाँच वर्ष स्थायी सेवा अवधि पूरा भएको कर्मचारीले सहायक द्वितीय श्रेणीको पदको आन्तरिक प्रतियोगितामा भाग लिन पाउने छन् ।

✪(ग) खण्ड (क) मा तोकिएको स्थायी सेवा अवधि गणना गर्दा बेतलवी बिदा लिएको अवधि, विश्वविद्यालय वाहिर  बेतलबी काजको अवधि तथा विनियम १६ को उपविनियम (५) मा व्यवस्था भएअनुरुप अध्ययन बिदामा रही अध्ययन पूरा नगरेको अवधि समेत घटाई तोकिए बमोजिमको पाँच वर्ष स्थायी सेवा अवधि पूरा भएको अवस्थामा मात्र आन्तरिक प्रतियोगितामा भाग लिन पाइनेछ ।

✪(घ) विभिन्न ठाउँमा उल्लेख भएको तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता भन्नाले अनुसूची ४ मा तोकिए बमोजिमको शैक्षिक योग्यता सम्झनु पर्छ ।

**(४) खुला प्रतियोगिता :**

(क) तोकिएको न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले खुला प्रतियोगितामा भाग लिन पाउनेछन् । यो प्रतियोगिता खुला/समावेशी आधारमा गरिनेछ । ✪खुला र समावेशीमा विज्ञापन गरिने सङ्ख्याको निर्धारण विनियममा व्यवस्था भएबमोजिम हुनेछ ।

✪(ख) माथि उल्लेखित वर्गीकृत समूह र क्षेत्रको अर्थ र प्रयोग नेपाल सरकारले किटान गरेको अर्थ र प्रयोग अनुरुप नै हुनेछ ।

✪(ग) समावेशीतर्फ छुट्याइएका पदमा दरखास्त दिँदा अनुसूची १ को आधारमा दिनुपर्नेछ ।

✪(घ)

✪(ङ)

✪(च)

**७. वैकल्पिक उम्मेदवारको व्यवस्था :**

(क) कुनै पदका लागि खुला प्रतियोगितात्मक परीक्षानुसार सिफारिसमा पर्ने उम्मेदवारको योग्यताक्रम सूची प्रकाशित गर्दा त्यस्तो पदको विज्ञापनमा उल्लेखित पद सङ्ख्याको २५ प्रतिशत उम्मेदवारको नाम वैकल्पिक सूचीमा राख्नु पर्नेछ । तर उल्लेखित पद आठ जना भन्दा कम भएमा दुई जना उम्मेदवारको नाम वैकल्पिक सूचीमा राख्नु पर्नेछ ।

(ख) वैकल्पिक सूचीबाट देहायको अवस्थामा नियुक्तिका लागि योग्यताक्रमानुसार सिफारिस गरिनेछ :

(१) सिफारिस गरिएको उम्मेदवारको नियुक्तिको सूचना पाएको वा सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र नियुक्ति नलिएमा, वा

(२) नियुक्ति बुझेर पनि ३५ दिनभित्र सम्बन्धित निकायमा हाजिर हुन नगएमा,

✪(३) सिफारिस गरिएको उम्मेदवारको मृत्यु भई वा निजले राजीनामा दिई वा निजको माथिल्लो पदमा नियुक्ति भई सिफारिस गरिएको वा अन्य जुनसुकै कारणबाट रिक्त भएको मितिले एक वर्षभित्रै (कार्यकारी परिषद्‌बाट नियुक्ति दिने निर्णय भएको एक वर्षभित्रै) निजले नियुक्ति लिएको पद रिक्त हुन आएमा ।

✪(ग) कुनै एक समावेशी समूहमा वैकल्पिक उम्मेदवार नभएमा अर्को समावेशी समूहको सबैभन्दा बढी अङ्क प्राप्त गर्ने वैकल्पिक उम्मेदवारबाट नियुक्त गर्न सकिनेछ ।

✪(घ) समावेशी समूहबाट वैकल्पिक उम्मेदवार नभएमा खुला समूहबाट सबैभन्दा बढी अङ्क प्राप्त गर्ने वैकल्पिक उम्मेदवारबाट नियुक्त गर्न सकिनेछ ।

✪(ङ) खुला समूहबाट बैकल्पिक उम्मेदवार नभएमा समावेशी समूहबाट सबैभन्दा बढी अङ्क प्राप्त गर्ने बैकल्पिक उम्मेदवारबाट नियुक्त गर्न सकिनेछ ।

८. **प्रतियोगिताको अनुपात** : (१) विश्वविद्यालय सेवामा रिक्त रहेका पदहरूमध्ये विभिन्न प्रतियोगिताहरूको अनुपात निम्नानुसार हुनेछ :

| पद /श्रेणी | बढुवा | | आन्तरिक प्रतियोगिता | खुला प्रतियोगिता |
|---|---|---|---|---|
| | कार्यक्षमताको मूल्याङ्कनद्वारा | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा | | |
| अधिकृत विशिष्ट | ८०% | २० % | | |
| अधिकृत प्रथम | ४० % | २० % | ४० % | |
| अधिकृत द्वितीय | ४० % | १० % | ४० % | १० % |
| अधिकृत तृतीय | १५ % | १० % | २५ % | ५० % |
| सहायक प्रथम | १५ % | १० % | २५ % | ५० % |
| सहायक द्वितीय | | | २० % | ८० % |

(२) उपनियम (१) मा जुनसकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा रिक्त पद देहाय बमोजिम पूर्ति गरिनेछ :

(क) जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाका लागि छुट्याइएको सबै वा केही पदमा सम्भाव्य उम्मेदवार नभई पदपूर्ति हुन नसक्ने भएमा जुन वर्षका लागि त्यस्तो पद छुट्याइएको हो सोही वर्षको त्यस्तो पद कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाद्वारा र बढुवाका लागि छुट्याइएको सबै वा केही पदमा सम्भाव्य उम्मेदवार नभई पदपूर्ति हुननसक्ने भएमा जुन वर्षको लागि त्यस्तो पद छुट्याइएको हो सोही वर्षको त्यस्तो पद आन्तरिक प्रतियोगिताद्वारा हुने नतिजामा सङ्ख्या थप गरी पदपूर्ति गरिनेछ ।

✪(ख) अधिकृत तृतीय श्रेणी वा सोभन्दा मुनिका पदमा आन्तरिक प्रतियोगिताका लागि सम्भाव्य उम्मेदवार नभई सबै वा केही पद पूर्ति हुन नसक्ने भएमा जुन वर्षका लागि त्यस्तो पद छुट्याइएको हो सोही वर्षको खुला प्रतियोगिताद्वारा हुने विज्ञापनमा बाँकी हुन आएको सिट सङ्ख्या थप गरी पूर्ति गरिनेछ ।

(ग) एक श्रेणी मुनिको पद नभएको सेवा, समूह वा उपसमूहको पदमा रिक्त सबै पद खुला प्रतियोगिताद्वारा पूर्ति गरिनेछ ।

✪(घ) तोकिएको सेवा अवधि पुगेका र सो पदका लागि आवश्यक शैक्षिक योग्यता भएको सहायक तृतीय र श्रेणीविहिन पदमा कार्यरत कर्मचारीहरूले सहायक द्वितीय श्रेणीको आन्तरिक प्रतियोगितामा प्रशासन सेवा, प्रशासन समूहको कार्यालय सहायक पदमा मात्र भाग लिन पाउनेछन् ।

✪(ङ) अधिकृत द्वितीय श्रेणीको पदमा आवेदन गर्न स्नातकोत्तर उपाधि प्राप्त गरेको र त्रिभुवन विश्वविद्यालयमा अधिकृत तृतीय स्तरमा कार्यरत रही पाँच वर्ष सेवा अवधि पुगेका वा कुनै सरकारी सेवा वा नेपाल सरकारका स्वामित्वमा रहेको सङ्गठित संस्थाको अधिकृत स्तरको पदमा कार्यरत रही पाँच वर्ष अनुभव प्राप्त गरेको हुनुपर्नेछ । तर कुनै पनि निकायमा आंशिक रुपमा काम गरेको अनुभव सो प्रयोजनका लागि गणना हुने छैन ।

(३) प्रतिशत विभाजन गर्दा भागफल दशमलवमा आएमा जुनमा बढी आउँछ त्यसका लागि प्रतिशत निर्धारण गर्न र दशमलव पछि खुला, बढुवा र आन्तरिक प्रतियोगितामा भागफल बराबर आएमा बढुवालाई प्राथमिकता दिन तथा बढुवा र आन्तरिक प्रतियोगितामा दशमलवपछि भागफल बराबर आएमा बढुवालाई प्राथमिकता दिने व्यवस्था गरिनेछ ।

(४) बढुवा, आन्तरिक प्रतियोगिता र खुला प्रतियोगिताको एकै समयमा भएको विज्ञापनको अन्तिम नतिजा प्रकाशित गर्दा सर्वप्रथम बढुवा र त्यसपछि क्रमशः आन्तरिक प्रतियोगिता र खुला प्रतियोगिताको नतिजा प्रकाशित गर्ने व्यवस्था हुनेछ । यसरी नतिजा प्रकाशित गर्दा बढुवाका लागि छुट्याइएको पदमा पदपूर्ति हुन नसकेका बाँकी सङ्ख्या आन्तरिक प्रतियोगितामा र आन्तरिक प्रतियोगिताका लागि छुट्याइएको पदमा पदपूर्ति हुन नसकेका बाँकी सङ्ख्या खुला प्रतियोगितामा समावेश गरी पदपूर्ति गरिनेछ । तर मुद्दामामिला, छानबिन वा अन्य कारणले कुनै पदको नतिजा प्रकाशन गर्न ढिला हुने भएमा जुनसुकै प्रतियोगिताको नतिजा प्रकाशन गर्न बाधा पर्ने छैन ।

## परिच्छेद ४
## सिफारिसका आधार तथा पूर्णाङ्क विभाजन

**९.** त्रि.वि. सेवामा नियुक्ति तथा बढुवाका लागि सिफारिसका आधार तथा तिनको पूर्णाङ्क विभाजन देहाय बमोजिम हुनेछ :

| **आधार** | **कार्यक्षमताको आधारमा हुने बढुवा** | **आन्तरिक प्रतियोगिता** | **खुला प्रतियोगिता (अप्राविधिक पदका लागि)** | | **खुला प्रतियोगिता (प्राविधिक पदका लागि)** | |
|---|---|---|---|---|---|---|
| | | | **अधिकृत स्तरका लागि** | **अधिकृत भन्दा मुनिका लागि** | **अधिकृत स्तरका लागि** | **अधिकृत भन्दा मुनिका लागि** |
| ✪१. कार्य सम्पादन मूल्याङ्कन बापत | ४० | -- | -- | -- | -- | -- |
| ✪**२. विश्वविद्यालय सेवा अनुभव (ज्येष्ठता) बापत** | ३६ | -- | -- | -- | -- | -- |
| ३. शैक्षिक योग्यता बापत | १५ | १५ | १५ | १५ | **१५** | **१५** |
| ४.भौगोलिक क्षेत्रमा काम गरेबापत | ६ | -- | -- | -- | -- | -- |
| ५. तालिम बापत | ३ | -- | -- | -- | -- | -- |
| ६. लिखित परीक्षा | -- | २०० | ३०० | २०० | **२००** | **१००** |
| ✪७. प्रयोगात्मक परीक्षा | -- | -- | -- | -- | **३०** | **३०** |
| ८. अन्तर्वार्ता | -- | ३० | ३० | ३० | **३०** | **३०** |
| | १०० | **२४५** | **३४५** | **२४५** | **२७५** | **१७५** |

## परिच्छेद ५
## शैक्षिक योग्यताको अङ्क विभाजन र अन्य व्यवस्था

**१०. बढुवाका लागि शैक्षिक योग्यताको अङ्क विभाजन :** (१) शाखा अधिकृत वा सो सरह र सोभन्दा माथिल्ला पदहरूको बढुवा प्रतियोगिताका निमित्त शैक्षिक योग्यताको अङ्क विभाजन देहाय अनुसार हुनेछ :

| शैक्षिक योग्यता | प्रथम | द्वितीय | तृतीय |
|---|---|---|---|
| प्रवीणता प्रमाणपत्र तह वा सो सरह | ३.५ | ३ | २.५ |
| स्नातक वा सो सरह | ८ | ७.५ | ७ |
| स्नातकोत्तर वा सो सरह | ३.५ | ३ | २.५ |

(२) मुख्य कार्यालय सहायक वा सो सरहका पदहरूको बढुवा प्रतियोगिताका निमित्त शैक्षिक योग्यताको अङ्क विभाजन देहाय अनुसार हुनेछ :

| शैक्षिक योग्यता | प्रथम | द्वितीय | तृतीय |
|---|---|---|---|
| एस.एल.सी. वा सो सरह | ३.५ | ३ | २.५ |
| प्रवीणता प्रमाणपत्र तह वा सो सरह | ८ | ७.५ | ७ |
| स्नातक वा सा सरह | ३.५ | ३ | २.५ |

(३) कार्यालय सहायक वा सो सरहका पदहरूको बढुवा प्रतियोगिताका निमित्त शैक्षिक योग्यताको अङ्क विभाजन देहाय अनुसार हुनेछः

| शैक्षिक योग्यता | प्रथम | द्वितीय | तृतीय |
|---|---|---|---|
| प्रवेशिका वा सो सरह | १० | ९.५ | ९ |
| प्रवीणता प्रमाणपत्र वा सो सरह | ५ | ४.५ | ४ |

**११. आन्तरिक प्रतियोगिताका लागि शैक्षिक योग्यताको अङ्क विभाजन :** (१) शाखा अधिकृत वा सो सरह वा सोभन्दा माथिल्ला पदहरूको आन्तरिक प्रतियोगिताका निमित्त शैक्षिक योग्यताको अङ्क विभाजन देहाय अनुसार हुनेछ :

| शैक्षिक योग्यता | प्रथम | द्वितीय | तृतीय |
|---|---|---|---|
| प्रवीणता प्रमाणपत्र वा सो सरह | ३.५ | ३ | २.५ |
| स्नातक वा सो सरह | ८ | ७.५ | ७ |
| स्नातकोत्तर वा सो सरह | ३.५ | ३ | २.५ |

**(२)** मुख्य कार्यालय सहायक वा सो सरहका पदहरूको आन्तरिक पतियोगिताका निमित्त शैक्षिक योग्यताको अङ्क विभाजन देहाय अनुसार हुनेछः

| शैक्षिक योग्यता | प्रथम | द्वितीय | तृतीय |
|---|---|---|---|
| एस.एल.सी. वा सो सरह | ३.५ | ३ | २.५ |
| प्रवीणता प्रमाणपत्र वा सो सरह | ८ | ७.५ | ७ |
| स्नातक वा सो सरह | ३.५ | ३ | २.५ |

**(३)** कार्यालय सहायक वा सो सरहका पदहरूको आन्तरिक प्रतियोगिताका निमित्त शैक्षिक योग्यताको अङ्क विभाजन देहाय अनुसार हुनेछ :

| शैक्षिक योग्यता | प्रथम | द्वितीय | तृतीय |
|---|---|---|---|
| एस.एल.सी. वा सो सरह | १० | ९.५ | ९ |
| प्रवीणता प्रमाणपत्र वा सो सरह | ५ | ४.५ | ४ |

**❂१२. खुला प्रतियोगिताका लागि शैक्षिक योग्यताको अङ्क विभाजन :** सबै पदमा खुला प्रतियोगिताका निमित्त शैक्षिक योग्यताको अङ्क विभाजन देहाय अनुसार हुनेछ :

| **शैक्षिक योग्यता** | **विशिष्ट श्रेणी CGPA (3.7 to 4.00)** | **प्रथम श्रेणी CGPA (3.2 to < 3.7)** | **द्वितीय श्रेणी CGPA (2.3 to < 3.2)** | **तृतीय श्रेणी CGPA (Pass to < 2.3)** |
|---|---|---|---|---|
| **न्यूनतम शैक्षिक योग्यता** | १० | ९ | ८ | ७ |
| **माथिल्लो शैक्षिक योग्यता** | ५ | ४ | ३ | २ |

१३. **शैक्षिक योग्यताको सम्बन्धमा अन्य व्यवस्था:** (१) कम्पार्टमेण्टल परीक्षा उत्तीर्ण गरी प्राप्त शैक्षिक योग्यता वा उपाधिका लागि तृतीय श्रेणीको अङ्क दिइनेछ ।

❂(२) कुनै श्रेणी नखुलेको शैक्षिक योग्यतालाई निजको प्राप्ताङ्क प्रतिशतलाई विश्वविद्यालयको प्रचलित श्रेणीमा परिणत गरी अङ्क दिइने छ ।

(३) समान तहको एकभन्दा बढी शैक्षिक योग्यता वा उपाधि हासिल गरेको अवस्थामा तीमध्ये आवेदित पदसँग सम्बन्धित एक शैक्षिक योग्यता वा उपाधिको मात्र अङ्क दिइनेछ ।

❂(४) न्यूनतम शैक्षिक योग्यता अनुसूची ४ बमोजिम हुनेछ । कुनै पदका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता नभएमा माथिल्लो शैक्षिक योग्यताको आधारमा पनि आवेदन दिन सकिनेछ ।

❂(५) **माथिल्लो शैक्षिक योग्यताका लागि** आवेदित पदको निमित्त तोकिएको न्यूनतम शैक्षिक योग्यताभन्दा माथिको सम्बन्धित विषयको कुनै एक अतिरिक्त शैक्षिक उपाधि बापत मात्र अङ्क दिइनेछ ।

❂(६) अन्य शैक्षिक योग्यताको आधारमा सेवा प्रवेश गरिसकेकाहरूको हकमा एक तह माथिका लागि सम्बन्धित विषयको शैक्षिक उपाधि सम्बन्धी बन्देज लागू हुने छैन ।

❂(७) अधिकृत द्वितीय र सोभन्दा माथिका पदहरुको बढुवा वा आन्तरिक प्रतियोगिताका निमित्त आवश्यक शैक्षिक योग्यता भन्नाले सम्बन्धित सेवा समूहको अधिकृत तृतीय श्रेणीका लागि तोकिएको शैक्षिक योग्यता बुझ्नुपर्छ ।

❂(८) अधिकृत द्वितीयको खुला प्रतियोगिताका निमित्त आवश्यक शैक्षिक योग्यता भन्नाले सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरहको परीक्षा उत्तीर्ण भन्ने बुझ्नुपर्छ ।

## परिच्छेद ६
## विश्वविद्यालय सेवा अनुभव र भौगोलिक क्षेत्रमा काम गरे बापतको अङ्क

**१४. कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा प्रतियोगिताका लागि सेवाको अनुभव (जेष्ठता) को अङ्क :** बढुवा प्रतियोगिताका लागि विश्वविद्यालय सेवाको अनुभवको अङ्क प्रदान गर्दा आवेदित पदभन्दा एक तह मुनिको पदमा स्थायी भई काम गरेको प्रत्येक वर्षका लागि ३.०० अङ्क प्रदान गरिनेछ ।

**❂१५. भौगोलिक क्षेत्रमा काम गरेको अङ्क:** देशको विभिन्न भौगोलिक क्षेत्रलाई क्रमशः **क, ख र ग** वर्गमा विभाजन गरी प्रत्येक वर्गमा आफ्नो जिल्ला छोडी अन्य जिल्लामा रहेका त्रि.वि.का विभिन्न निकायमा गई काम गरे बापत बढुवा प्रतियोगिताका लागि मात्र देहाय बमोजिम भौगोलिक वर्गीकृत क्षेत्रको अङ्क दिइनेछ । तर आफ्नो स्थायी ठेगाना भएको जिल्लामा काम गरेको प्रत्येक एक वर्षका लागि **"ग"** वर्गको भौगोलिक वर्गीकृत क्षेत्रमा काम गरेको अङ्क प्रदान गरिनेछ । भौगोलिक वर्गीकृत क्षेत्रका जिल्लाहरूको विवरण अनसूची २ मा दिइएको छ ।

| भौगोलिक वर्गीकृत क्षेत्र | प्रति वर्ष पाउने अङ्क | अधिकतम अङ्क |
|---|---|---|
| क वर्ग | १.२ | ६ |
| ख वर्ग | ०.७२ | ५ |
| ग वर्ग | ०.४ | ४ |

**१६. विश्वविद्यालय सेवा अनुभव (जेष्ठता) र भौगोलिक क्षेत्रमा काम गरे बापतका सम्बन्धमा थप अन्य व्यवस्थाः** ✪(१) विश्वविद्यालय सेवा अनुभव (जेष्ठता) को अङ्क प्रदान गर्ने सन्दर्भमा सेवा अवधि गणना गर्दा जम्मा हुन आउने अवधिमा वर्ष र महिनाभन्दा घटी अवधिका लागि अङ्क दिइने छैन । अङ्क प्रदान गर्न नोकरी अवधिको गणना गर्दा अटुट रूपमा गरेको स्थायी सेवा अवधिलाई मात्र जोडिनेछ । सेवा आयोगबाट विज्ञापन वा सूचना प्रकाशित हुनुभन्दा अघिल्लो दिनसम्मको अवधिलाई मात्र अङ्क दिने प्रयोजनका निमित्त गणना गरिनेछ । विज्ञापन प्रकाशित भइसकेपछि प्राप्त हुने उमेर, शैक्षिक योग्यता, तालिम, अनुभव र सेवा अवधि कुनै पनि प्रयोजनका लागि गणना गरिने छैन ।

(२) कुनै पनि भौगोलिक वर्गीकृत क्षेत्रमा एक वर्षभन्दा कम अवधिका लागि काम गरेको भएमा सो बापत कुनै अङ्क दिइन छैन । तर एकभन्दा बढी भौगोलिक वर्गीकृत क्षेत्रमा काम गरेको वर्षको अङ्क प्रदान गर्दा दुई वा दुईभन्दा बढी भौगोलिक वर्गीकृत क्षेत्रमा काम गरेको अवधि जोडी एक वर्ष पुगेमा जुन क्षेत्रमा बढी समय काम गरेको छ सोही भौगोलिक क्षेत्रको अङ्क प्रदान गरिनेछ ।

(३) बेतलबी वा असाधारण बिदामा बसेको वा विश्वविद्यालय बाहिर बेतलबी काजमा गएका कर्मचारीहरूको हकमा र गयल भएको अवधिलाई सेवा अनुभव र भौगोलिक वर्गीकृत क्षेत्रमा काम गरेको अवधि अङ्क दिने प्रयोजनका लागि गणना गरिने छैन ।

(४) अध्ययन बिदा वा अध्ययन काजमा बसेकाका लागि सो अवधिको भौगोलिक क्षेत्रको नम्बर (घ) वर्ग सरहको हुनेछ ।

(५) उच्च अध्ययनको मौका प्राप्त गरी अध्ययन बिदामा रही तोकिए अनुसारको अध्ययन पूरा नगरी (परीक्षा उत्तीर्ण नगरी) फर्कने त्रि.वि.का कर्मचारीहरूले त्रि.वि. सेवा आयोगबाट प्रकाशित विज्ञापनमा बढुवा प्रतियोगिता अन्तर्गत पदोन्नतिका लागि आवेदन प्रस्तुत गरेमा निजले उपभोग गरेको अध्ययन बिदा अवधि सेवा अनुभव (जेष्ठता) र भौगोलिक वर्गीकृत क्षेत्रमा काम गरे बापतको अङ्क दिने प्रयोजनका लागि गणना गरिने छैन । तर आवेदन फाराम भर्ने अन्तिम मितिसम्ममा स्वीकृत अध्ययन बिदा समाप्त भएको एक वर्ष पुगिनसकेको अवस्थामा भने यो बन्देज लागू हुने छैन । आवेदन फाराम भर्ने अन्तिम मितिसम्ममा स्वीकृत अध्ययन बिदा समाप्त भएको एक वर्ष पुगिसकेको अवस्थामा भने अध्ययन बिदामा रही अध्ययन गरेको तहको परीक्षा (शोधपत्र समेत) उत्तीर्ण गरेको प्रमाण नै पेश गर्नु पर्नेछ । बिद्यावारिधि शोधार्थीहरूका हकमा शोधपत्र बुझाई मूल्याङ्कनको चरणमा रहेको अवस्थामा भने यो बन्देज लागू हुने छैन । साथै, स्वीकृत अध्ययन बिदा समाप्त भइनसकेको अवस्थामा पनि यो बन्देज लागू हुने छैन ।

## परिच्छेद ७
## तालिम बापत प्राप्त हुने अङ्क

**१७. तालिम अवधि र प्राप्त हुने अङ्क :** प्रतियोगिता हुने पदभन्दा एक तह मुनिको पदमा रही मान्यता प्राप्त संस्थाबाट लिएको आवेदित पदसँग सम्बन्धित तालिम बापत देहाय बमोजिम अङ्क दिइनेछ :

| **आवेदित पदसँग सम्बन्धित तालिम अवधि** | **पाउने अङ्क** |
|---|---|
| एकहप्ता (सात दिन) वा सोभन्दा बढी तर एक महिनाभन्दा कम अवधिको तालिमका लागि | १ |
| एक महिना (३० दिन) वा सोभन्दा बढी तर दुई महिनाभन्दा कम अवधिको तालिमका लागि | २ |
| दुई महिनाभन्दा बढी अवधिको तालिमका लागि | ३ |

**१८. तालिम अवधि र प्राप्त हुने अङ्क सम्बन्धमा थप व्यवस्था** :(१) ✪एक हप्ता (सात दिन) भन्दा कम अवधिको तालिमका लागि कुनै अङ्क दिइने छैन । सेवा आयोगबाट विज्ञापन वा सूचना प्रकाशित हुनुभन्दा अघिल्लो दिनसम्म पूरा भएको तालिमलाई मात्र अङ्क दिने प्रयोजनका निमित्त गणना गरिनेछ ।

(२) विश्वविद्यालयबाट मान्यता प्राप्त संस्थाबाट लिइएको तालिमको लागि मात्र अङ्क प्रदान गरिनेछ । यस प्रयोजनका लागि मान्यता प्राप्त विश्वविद्यालय वा त्रिभुवन विश्वविद्यालयका सङ्काय वा अध्ययन संस्थानका डीन कार्यालय, विश्वविद्यालयका अनुसन्धान केन्द्रहरू, पाठ्यक्रम विकास केन्द्र, अनुसन्धान महाशाखा, त्रि.वि. को जनशक्ति विकास परिषद्, त्रि.वि. केन्द्रीय कार्यालय, त्रि.वि. शिक्षण अस्पताल, नेपाल सरकार वा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानबाट प्राप्त सम्बन्धित सेवा समूहसँग सम्बन्धित तालिमलाई मात्र अङ्क प्रदान गरिनेछ ।

(३) तालिम आवेदित विषयसँग सम्बन्धित हो वा होइन भन्ने विषयमा तथा मान्यता प्राप्त संस्थाबाट लिएको हो वा होइन भन्ने सम्बन्धमा आयोगबाट निर्णय भए वमोजिम हुनेछ । यस सम्बन्धमा निर्णय गर्नुपूर्व आयोगले आवश्यक ठानेमा विशेषज्ञहरू समावेश भएको समिति गठन गर्न सक्नेछ ।

(४) उम्मेदवारलाई बढीमा दुई वटासम्मका तालिमको अङ्क प्रदान गरिने छ ।

(५) जुनसुकै पदमा रही लिएको कम्प्युटर तालिमको अङ्क प्रदान गरिने छैन ।

## परिच्छेद ८
## लिखित परीक्षा

**१९. लिखित परीक्षा :** (क) आन्तरिक प्रतियागिता र खुला पतियोगिताको माध्यमद्वारा सहायक द्वितीय श्रेणी र सोभन्दा माथिका कुनै पनि प्रशासनिक/**प्राविधिक** पदहरूमा नियुक्तिका लागि सिफारिस गर्न लिखित परीक्षा लिइनेछ ।

✪(ख) आयोगद्वारा लिइने प्रतियोगितात्मक लिखित परीक्षा आयोगले निर्धारण गरेको मिति, समय र स्थानमा हुनेछ । लिखित परीक्षा सञ्चालन तथा सोको नतिजा प्रकाशनसम्म आवश्यकतानुसार लोकसेवा आयोगको सहयोग लिइनेछ ।

✪(ग) लिखित परीक्षाका सबै उत्तरपुस्तिकाहरु मूल्याङ्कनमा पठाउनुपूर्व दोहोरो सङ्केत पद्धति (Double coding System) अवलम्बन गरिनेछ । कोडिङ तथा डिकोडिङ कार्यका लागि नेपाल सरकार लोक सेवा आयोगको सहयोग लिइनेछ । कोडिङ-डिकोडिङ कार्यमा त्रि.वि.सेवा आयोगका अध्यक्ष, सदस्य तथा त्यहाँ कार्यरत कर्मचारीहरु संलग्न हुन पाइने छैन ।

कोडिङपछि सबै अर्धकट्टीहरु खाममा सिलबन्दी गरी कोडिङ कार्यमा संलग्न सबैको हस्ताक्षर गराई उनीहरुकै रोहवरमा मात्र खोल्न सकिने गरी दराजमा सुरक्षित राखिनेछ । दराजमा समेत सिलबन्दी गरी दराजको चाबी कोडिङ कार्यमा संलग्न व्यक्तिहरुकै जिम्मामा दिनुपर्नेछ । खुला प्रतियोगिता अन्तर्गत सेवा आयोगबाट लिइने लिखित परीक्षाको प्रश्नपत्र सङ्कलन/परिमार्जन, लिखित परीक्षा सञ्चालन, उत्तरपुस्तिका परीक्षण/सम्परीक्षण तथा लिखित परीक्षाको नतिजा प्रकाशनसम्मको काम लोक सेवा आयोगको सहयोग र समन्वयमा सञ्चालन गरिनेछ ।

✪(घ) विषयगत हरेक उत्तरपुस्तिकाको मूल्याङ्कन दुई जना विशेषज्ञबाट गराई औसत अङ्क कायम गरिनेछ । दुबै जना विशेषज्ञले दिएको कुल अङ्कमा २० प्रतिशत भन्दा बढीको फरक परेमा फरक परेका उत्तरपुस्तिकाहरु तेस्रो विशेषज्ञबाट परीक्षण गराई तिनै जनाको औसत अङ्कलाई प्राप्ताङ्क मानिनेछ । दोहोरो परीक्षण गराइएका उत्तरपुस्तिकाको सम्परीक्षण गराइने छैन ।

✪(ङ) लिखित परीक्षामा प्रत्येक पत्रमा तोकिएको उत्तीर्णाङ्क प्राप्त गरेका उम्मेदवारहरु मात्र योग्यताक्रम सूचीमा पर्नेछन् । यसरी योग्यताक्रम सूचीमा परेका उम्मेदवारहरुमध्येबाट विनियममा भएको व्यवस्था अनुसार तोकिएको सङ्ख्यामा नाम समावेश गरी वर्णानुक्रम अनुसार लिखित परीक्षाको नतिजा प्रकाशित गरिनेछ ।

✪(च) त्रि.वि.शिक्षक कर्मचारी सेवासम्बन्धी नियम २०५० को नियम ९६ मा व्यवस्था भए अनुसार लिखित परीक्षा सम्बन्धी पाठ्यक्रम तोक्ने अधिकार सेवा आयोगलाई हुनेछ ।

**२०. आन्तरिक प्रतियोगिता अन्तर्गत लिइने लिखित परीक्षा :** आन्तरिक प्रतियोगिता अन्तर्गत लिखित परीक्षा हुने विभिन्न पदहरूका उम्मेदवारहरूको लिखित परीक्षा लिनका निमित्त २०० पूर्णाङ्क (१००/१०० पूर्णाङ्कका २ पत्रहरू) निर्धारण गरिनेछ । पद अनुसारका स्तर कायम रहने गरी विशेषज्ञहरूको परामर्श लिई सेवा आयोगले सम्बन्धित विषय र स्तरको लिखित परीक्षाको पाठ्यांश तोक्नेछ । ✪आन्तरिक प्रतियोगिता अन्तर्गत लिइने लिखित परीक्षाको उत्तीर्णाङ्क प्रत्येक पत्रमा ४० प्रतिशत हुनेछ ।

**२१. खुला प्रतियोगिता अन्तर्गत लिइने लिखित परीक्षा :** (१) ✡(क) कम्प्युटर प्रयोगसम्बन्धी ज्ञानको प्रयोगात्मक परीक्षा : सहायक द्वितीय श्रेणी र सोभन्दा माथिका पदहरू (स्वास्थ्य र प्राविधिक सेवाका पदहरू बाहेक) का लागि खुला प्रतियोगिता अन्तर्गत पदपूर्ति गर्दा विनियमको २३ (क), (ख) र (ग) मा भएको व्यवस्था बमोजिम लिखित परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरुको कम्प्युटर सम्बन्धी ज्ञानको प्रयोगात्मक परीक्षा लिइनेछ । प्रयोगात्मक परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरुलाई मात्र अन्तर्वार्तामा सहभागी गराइनेछ । प्रयोगात्मक परीक्षाको पाठ्यक्रम सेवा अयोगले तोकेबमोजिम हुनेछ । उक्त प्रयोगात्मक परीक्षाको पूर्णाङ्क ३० र उत्तीर्णाङ्क १५ रहनेछ ।

✪(ख) स्वास्थ्य र प्राविधिक सेवाका पदहरुको खुला प्रतियोगिता अन्तर्गत स्थायी पदपूर्ति गर्दा लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारहरुबाट आफ्नो पदगत विषयसम्बन्धी व्यवहारिक ज्ञानको प्रयोगात्मक परीक्षा लिइनेछ । प्रयोगात्मक परीक्षाको पाठ्यांश सेवा आयोगले तोके बमोजिम हुनेछ । उक्त प्रयोगात्मक परीक्षाको पूर्णाङ्क ३० र उत्तीर्णाङ्क १५ रहनेछ ।

(२) खुला प्रतियोगिता अन्तर्गत लिखित परीक्षा हुने विभिन्न अधिकृत स्तरका अप्राविधिक पदहरूका लागि उम्मेदवारहरूको लिखित परीक्षा लिनको निमित्त ३०० पूर्णाङ्क (१००/१०० पूर्णाङ्कको तीन पत्रहरू) र अधिकृतभन्दा मुनिका अप्राविधिक पदहरूका लागि उम्मेदवारहरूको लिखित परीक्षा लिनका निमित्त २०० पूर्णाङ्क (१००/१०० पूर्णाङ्कका दुई पत्रहरू) निर्धारण गरिनेछ । *अधिकृत स्तरका प्राविधिक पदहरुका लागि उम्मेदवाहरको लिखित परीक्षा लिनका निमित्त

२०० पूर्णाङ्क (१००/१०० पूर्णाङ्कका दुई पत्रहरु) र अधिकृतभन्दा मुनिका प्राविधिक पदहरुका लागि उम्मेदवारहरुको लिखित परीक्षा लिनका निमित्त १०० पूर्णाङ्कको १ पत्र निर्धारण गरिनेछ । पद अनुसारको स्तर कायम रहने गरी सम्बन्धित विषयका विज्ञहरूको समितिको सिफारिसमा सेवा आयोगले सम्बन्धित विषय र स्तरको लिखित परीक्षाको पाठ्यक्रम तोक्नेछ ।

✡(३) लिखित परीक्षाको उत्तीर्णाङ्क प्रत्येक पत्रमा ४० प्रतिशत हुनेछ ।

२२. खुला र समावेशीतर्फका समान विषय र पदको लिखित परीक्षा एकै समयमा एउटै प्रश्नपत्रबाट लिइनेछ । खुला वा समावशीतर्फका समान विषय र पदका जतिसुकै वर्गमा आवेदन दिए पनि लिखित परीक्षा भने एक पटक मात्र दिनु पर्नेछ ।

२३. लिखित परीक्षामा उम्मेदवारहरूले प्राप्त गरेको बढी प्राप्ताङ्कको आधारमा योग्यताक्रम सूची निर्धारण गरी अन्तर्वार्ताका लागि लिखित परीक्षाको नतिजा प्रकाशित गरिनेछ । ✪अन्तर्वार्ताका लागि योग्य उम्मेदवारहरुको नामावली प्रकाशित गर्दा देहाय बमोजिम प्रकाशित गरिनेछ ।

(क) माग सङ्ख्या एक भएमा तीन जना

(ख) माग सङ्ख्या दुई भएमा चार जना

(ग) माग सङ्ख्या तीन वा सो भन्दा बढी भएमा ५० प्रतिशत थप गरी

(घ) तर खण्ड (ग) मा जे भनिएको भए तापनि प्रयोगात्मक परीक्षा हुने स्वास्थ्य र प्राविधिक सेवाका पदहरुमा लिखित परीक्षाको नतिजा प्रकाशित गर्दा १०० प्रतिशत थप गरी प्रकाशित गरिनेछ ।

२४. प्रयोगात्मक परीक्षा हुने पदमा लिखित परीक्षा पछि प्रयोगात्मक परीक्षा लिइनेछ । *प्रयोगात्मक परीक्षामा उत्तीर्ण भएका मध्ये रिक्त माग पद सङ्ख्यामा ५० प्रतिशत थप गरी अन्तर्वार्ताका लागि योग्य उम्मेदवारहरुको नामावली प्रकाशित गरिनेछ ।

२५. अन्तरवार्ताका लागि लिखित परीक्षाको नतिजा प्रकाशित गर्ने क्रममा योग्यताक्रममा रहेका उम्मेदवारहरूमध्येबाट नियम २४ मा व्यवस्था भएअनुरूपको सङ्ख्यामा उम्मेदवारहरूको छनौट गर्दा योग्यताक्रममा परेको अन्तिम प्राप्ताङ्क एकभन्दा बढी उम्मेदवारहरूको समान रहेछ भने नियम २४ मा जेसुकै भनिएको भए तापनि योग्यताक्रममा परेको अन्तिम प्राप्ताङ्क समान भएका सबै उम्मेदवारहरूलाई लिखित परीक्षाको नतिजामा सामेल गरिनेछ ।

२६. लिखित परीक्षाको नतिजा प्रकाशित गर्दा समान श्रेणीका अथवा सोभन्दा माथिल्लो श्रेणी वा पदमा पहिले नै सिफारिस भइसकेको भए वर्तमान लिखित परीक्षाको नतिजाबाट तथा लिखित परीक्षाको नतिजा प्रकाशित भई अन्तर्वार्ता मात्र बाँकी रहेका भए अन्तर्वार्ता सूचीबाट त्यस्ता उम्मेदवारको नाम हटाइनेछ तर तल्ला श्रेणीका पदमा सिफारिस भएको भए माथिल्ला श्रेणी वा पदमा प्रतिस्पर्धा गर्न रोक लाग्ने छैन ।

२७. समान स्तरका विभिन्न पदको लागि एउटै समयमा भएको भिन्दाभिन्दै विज्ञापन वा एउटै विज्ञापन अन्तर्गतकै विभिन्न पदका लिखित परीक्षाको नतिजा प्रकाशित गर्नु परेमा पहिलेको नतिजाको नामावलीमा परेकामध्ये जति जना उम्मेदवारको नाम त्यसपछि हुने अर्को पदको नतिजामा समावेश छ त्यतिकै सङ्ख्यामा थप उम्मेदवारहरूको नाम समावेश गरी पछिल्ला नतिजा प्रकाशित गर्ने व्यवस्था हुनेछ । तर नियम २६ मा भएको व्यवस्था अनरूप पहिले नै यस उपदफामा भएको व्यवस्थाअनुरूपको सङ्ख्यामा उम्मेदवारहरूको नाम थप भइसकेको रहेछ भने अरु थप नाम समावेश गरिने छैन ।

२८. विभिन्न प्रशासनिक पदहरूका निमित्त समावेशी आधारमा पूर्ति गर्ने गरी भएको विज्ञापनको एउटै पदको लिखित परीक्षाको नतिजा प्रकाशित गर्दा सबैभन्दा पहिले खुलातर्फको नतिजा प्रकाशित गरिने र त्यसपछि समावेशीतर्फ सिफारिस हुने उम्मेदवारको नामावली प्रकाशित गरिनेछ । यस अन्तर्गत सर्वप्रथम पिछडिएको क्षेत्रका उम्मेदवारहरूको नामावली प्रकाशित गरी त्यसपछि क्रमशः अपाङ्ग, दलित, मधेसी, आदिवासी/जनजाति र महिला वर्ग समूहका उम्मेदवारहरूको नामावली नियम २७ मा भएको व्यवस्था अनुसार नाम थप गरेर प्रकाशित गर्ने व्यवस्था हुनेछ ।

## परिच्छेद ९
## कार्यसम्पादन र प्रशासनिक क्षमता मूल्याङ्कन

@**२९. कार्यसम्पादन मूल्याङ्कन :** (१) कार्यसम्पादन मूल्याङ्कन वार्षिक रुपमा गरिनेछ । हरेक कर्मचारीले यस विनियमको अनुसूचीमा तोकिए बमोजिमको फाराम भर्नुपर्नेछ । कार्यसम्पादन मूल्याङ्कनको प्रयोजनको निमित्त अङ्क गणना गर्दा बढुवा र आन्तरिक प्रतियोगिताका लागि पछिल्लो चार आर्थिक वर्षको कार्यसम्पादन मूल्याङ्कन फारामको औसतबाट हिसाब गरिनेछ । यो व्यवस्था आ.व. २०७७/०७८ र त्यसपछि भरेको कार्यसम्पादन मूल्याङ्कनमा लागू हुनेछ । आ.व. २०७७/०७८ पछि भरेको कार्यसम्पादन भएमा आवेदन गर्ने म्यादसम्म भरेको कार्यसम्पादन मूल्याङ्कनहरुमा जति अङ्क पाएको छ सोही अनुपातमा नै अङ्क गणना गरिनेछ ।
कुनै कर्मचारीले कुनै आ.व.को कार्यसम्पादन मूल्याङ्कन फाराम भरेर नबुझाएको भएमा त्यस्तो कर्मचारीलाई सो आ.व.का लागि पचास प्रतिशत अङ्क कायम गरी सोही आधारमा अनुपात निकाली हिसाब गरिनेछ ।

(२) आ.व. २०७७/०७८ मा फाराम भर्न छुटेका र आ.व. २०७८/०७९ मा फाराम भुर्नपर्ने कर्मचारीहरुले २०७९ पौष मसान्तभित्र तथा आ.व. २०७९/०८० पछि हरेक कर्मचारीले हरेक आ.व. सकिएको एक महिनाभित्र अनुसूचीमा तोकिएको ढाँचामा दुई प्रति फाराम भरी सुपरिवेक्षक समक्ष पेश गर्नुपर्नेछ । यसरी पेश गर्दा हरेक फाराम ४"×९" को साइजको खाममा राखी स्टापलर लगाई पेश गर्नुपर्नेछ । खाम बाहिर कर्मचारीको नाम, सङ्केत नं., आ.व., पद, सेवा, समूह, श्रेणी, कार्यालय, फोन नं. लेख्नुपर्नेछ ।

(३) कर्मचारीहरुको पेश गरेको फाराम सुपरीवेक्षकले त्यसरी पेश भएको एक महिना भित्र मूल्याङ्कन गरी प्रमुख मूल्याङ्कनकर्ता समक्ष पेश गर्नुपर्नेछ । प्रमुख मूल्याङ्कनकर्ताले एक महिनाभित्र मूल्याङ्कन गरी पुनरावलोकनकर्ता (रजिष्ट्रार) समक्ष पेश गर्नुपर्नेछ । उपकुलपति, सेवा आयोगका अध्यक्ष र शिक्षाध्यक्ष पुनरावलोकनकर्ता हुने कर्मचारीहरुको सम्बन्धित कार्यालयले पुनरावलोकन समेत गरी सिधै सेवा आयोग र कर्मचारी प्रशासन महाशाखामा पठाउनुपर्नेछ । यसरी पेश गर्दा कर्मचारीहरुको नाम, पद, सेवा, समूह र सङ्केत नम्बरको सूची बनाई ठूलो खाममा बन्द गरी खाम बाहिर कर्मचारीहरुको कार्यसम्पादन फाराम, आ.व. र कार्यालयको नाम समेत लेखी पेश गर्नुपर्नेछ ।

(४) पुनरावलोकनकर्ताले मूल्याङ्कन फाराम प्राप्त भएको दुई महिनाभित्र गोप्य रुपमा मूल्याङ्कन गरी सिलबन्दी गरी एक प्रति त्रि.वि. सेवा आयोग र एक प्रति कर्मचारी प्रशासन महाशाखामा पठाउनु पर्नेछ ।

(५) वैदेशिक तालिम, गोष्ठी वा अध्ययन भ्रमण आदिमा काजमा गएका कर्मचारीको पनि आधिकारिक इमेलबाट फाराम मगाई भर्न सकिनेछ ।

(६) समयमा कार्यसम्पादन फाराम नबुझाउने कर्मचारीहरुको पछि मूल्याङ्कन गरिने छैन । मनासिब कारणले कार्यसम्पादन मूल्याङ्कन फाराम भर्न छुटेका कर्मचारीहरुको फाराम भरी दुई महिनापछि पठाउन सकिनेछ ।

(७) कर्मचारीले पेश गरेको फाराम समयमा मूल्याङ्कन नगर्ने पदाधिकारीलाई विभागीय सजाय हुनेछ ।

**३०. मूल्याङ्कनकर्ता अधिकारी:** (१) विश्वविद्यालयका विभिन्न कार्यालय/निकायहरूमा कार्यरत कर्मचारीहरूको मूल्याङ्कन तपसिल बमाजिम हुनेछ :-

- सम्बन्धित शाखा/युनिट प्रमुखबाट सुपरिवेक्षकको रूपमा ३० अङ्कमा
- सम्बन्धित निकाय प्रमुखबाट प्रमुख मूल्याङ्कनकर्ताको रूपमा ५० अङ्कमा

यस प्रयोजनका लागि केन्द्रीय कार्यालयका अन्तर्गतका कार्यालय, निर्देशनालय र महाशाखाका प्रमुखहरू प्रमुख मूल्याङ्कनकर्ताको रुपमा रहनेछन्

- रजिष्ट्रारबाट पुनरावलोकनकर्ताको रुपमा २० अङ्कमा

तर उपकुलपतिको कार्यालयको हकमा उपकुलपति, सेवा आयोगको कार्यालयको हकमा सेवा आयोगका अध्यक्ष, शिक्षाध्यक्षको कार्यालयको हकमा शिक्षाध्यक्ष पुनरावलोकनकर्ता हुनेछन् ।

(२) उल्लेखित अङ्कहरूलाई २.५ अङ्कले भाग गरी आउने भागफल अङ्कलाई बढुवा प्रतियोगिताका लागि र १० अङ्कले भाग गरी आउने भागफल अङ्कलाई आन्तरिक प्रतियोगिताका लागि मूल्याङ्कनको अङ्क कायम गरिनेछ ।

(३) कुनै कार्यालयमा शाखा वा युनिटको व्यवस्था नभएको वा भए पनि अधिकृत स्तरका कर्मचारी नभएको वा एउटै पदको निमित्त शाखा वा युनिट प्रमुख स्वयं प्रतिस्पर्धी भएको अवस्थामा सो निकाय वा कार्यालयको सो पदका सबै कर्मचारीहरूको हकमा सम्बन्धित निकाय प्रमुखले नै सुपरिवेक्षकका रूपमा र प्रमुख मूल्याङ्कनकर्ताका रूपमा पनि त्यस्ता कर्मचारीहरूको मूल्याङ्कन गर्नु पर्नेछ । सम्बन्धित निकाय प्रमुख स्वयं प्रतिस्पर्धी भएको निकाय वा कार्यालयको सो पदका सबै कर्मचारीहरूको मूल्याङ्कन सुपरिवेक्षकको रूपमा र प्रमुख मूल्याङ्कनकर्ताको रूपमा पनि पुनर्मूल्याङ्कनकर्ताबाट हुनेछ ।

**३१. कारण जनाउनु पर्ने :** दिइएका सबै बुँदाहरूमा जुनसुकै स्केलबाट मूल्याङ्कन भएको भए पनि हरेक बुँदाहरूमा कारण जनाउनु पर्दैन तर त्यसको कूल अङ्क ८० प्रतिशतभन्दा बढी वा ६० प्रतिशतभन्दा कम हुने गरी मूल्याङ्कन भएको रहेछ भने मूल्याङ्कनकर्ताले एकमुष्ट कारण जनाउनु पर्नेछ । कारण नजनाई ८० प्रतिशतभन्दा बढी हुने गरी मूल्याङ्कन भएको रहेछ भने अधिकतम ८० प्रतिशत अङ्क र कारण नजनाई ६० प्रतिशतभन्दा कम हुने गरी मूल्याङ्कन भएको रहेछ भने न्यूनतम ६० प्रतिशत अङ्क प्रदान गरिनेछ । कारण जनाएर पनि २५ प्रतिशतभन्दा कम अङ्क दिन पाइन छैन । २५ प्रतिशतभन्दा कम हुने गरी मूल्याङ्कन भएको रहेछ भने न्यूनतम ६० प्रतिशत अङ्क प्रदान गरिनेछ । कुनै बुँदामा अङ्क दिएको नदेखिएमा सन्तोषजक अङ्क दिएको मानिनेछ । त्यस्तै पुनर्मूल्याङ्कन/पुनरावलोकनकर्ताबाट प्रदान गरिने एकमुष्ट अङ्कमा पनि यही प्रक्रिया लागू हुनेछ ।

**३२.** सबै कोलममा अनिवार्य रेजा लगाई मूल्याङ्कन गर्नुपर्नेछ । कुनै कोलममा रेजा लगाएको नपाइएमा सो कोलममा सन्तोषजनक स्तर कायम गरिनेछ ।

**३३.** तीन जना मूल्याङ्कनकर्ताबाट प्रदान गरिएको अङ्क जोड्दा उम्मेदवारको कार्य सम्पादन मूल्याङ्कनको कूल अङ्क तोकिएको पूर्णाङ्कको पचास प्रतिशतभन्दा कम भएमा न्यूनतम पचास प्रतिशत अङ्क नै कायम हुनेछ ।

**३४.** कार्य सम्पादन मूल्याङ्कन फारामको ढाँचा अनुसूची ३ मा दिइएको छ ।

## परिच्छेद १०
## अन्तर्वार्ता

**३५. अन्तर्वार्ता** : (१) सेवा आयोगको विज्ञापन बमोजिम प्रतियोगिता हुने बढुवा बाहेकका सबै पदका लागि अन्तर्वार्ता अनिवार्य हुनेछ ।

(२) अन्तर्वार्तासम्बन्धी सूचना प्रतियोगिता हुने दिनभन्दा कम्तीमा १५ दिन अगाडि राष्ट्रिय स्तरको

पत्रपत्रिकामा **सङ्क्षिप्त सूचना र सेवा आयोगको वेवसाइट वा राष्ट्रिय स्तरको त्रपत्रिकामा वा दुबैमा विस्तृत सूचना प्रकाशित गर्नुपर्नेछ ।

**३६.** आन्तरिक प्रतियोगितामा अन्तर्वार्ताका लागि निर्धारित ३० अङ्कको विभाजन देहाय बमोजिम हुनेछ ।

| पद | विज्ञहरूको सङ्ख्या | अन्तर्वार्ता पूर्णाङ्क | | |
|---|---|---|---|---|
| | न्यूनतम | सेवा आयोगका अध्यक्ष/सदस्यहरू | विशेषज्ञहरू | जम्मा |
| सह प्रशासक वा सो सरह | ३ | ६ | २४ | ३० |
| अन्य सबै पदहरूमा | २ | ६ | २४ | ३० |

**३७.** खुला प्रतियोगितामा अन्तर्वार्ताका लागि निर्धारित ३० अङ्कको विभाजन देहाय बमोजिम हुनेछ ।

| पद | विज्ञहरूको सङ्ख्या | अन्तर्वार्ता पूर्णाङ्क | | |
|---|---|---|---|---|
| | न्यूनतम | सेवा आयोगका अध्यक्ष/सदस्यहरू | विशेषज्ञहरू | जम्मा |
| सबै पदहरूमा | २ | ६ | २४ | ३० |

**३८. विशेषज्ञ सम्बन्धी व्यवस्था : (१)** कार्यकारी परिषदको निर्णयानुसार रोस्टरमा रहेका विशेषज्ञहरूमध्येबाट सेवा आयोगले तोक्नेछ। रोस्टरमा भएका विशेषज्ञहरू उपलब्ध हुन नसकेमा सेवा आयोगले निर्णय गरी आवश्यकतानुसार अन्य विशेषज्ञ तोक्न सक्नेछ। अन्तवार्तामा विज्ञ छनौट गर्दा पाइएसम्म सम्बन्धित क्षेत्रका वरिष्ठतम व्यक्तिहरूलाई प्राथमिकताको सूचीमा राखेर छनौट गरिनेछ।

(२) उपप्रशासक वा सो सरह र सोभन्दा माथिका पदको अन्तर्वार्तामा विशेषज्ञ नियुक्त गर्दा कम्तीमा एक जना विषय विज्ञ विश्वविद्यालय सेवामा वहालमा नरहेका व्यक्तिलाई नियुक्त गर्नु पर्नेछ।

(३) सेवा आयोगमा कार्यरत कर्मचारीहरू सेवा आयोगले लिने अन्तर्वार्तामा विशेषज्ञका रूपमा नियुक्त हुन सक्ने छैन ।

(४) सेवा आयोगबाट सञ्चालित कर्मचारीको लिखित परीक्षा, प्रयोगात्मक परीक्षा वा अन्तर्वाता जस्ता कुनै पनि प्रतियोगितात्मक परीक्षामा उपप्रशासक वा सो सरह भन्दा तल्ला पदका कर्मचारीहरू विशेषज्ञ बन्न सक्ने छैनन ।

(५) शाखा अधिकृत वा सो सरह र उपप्रशासक वा सो सरहका पदहरूका लागि प्रशासक वा सहप्रशासक वा प्राध्यापक वा सहप्राध्यापक वा नेपाल सरकार वा अन्य क्षेत्रका प्रथम श्रेणी वा सोभन्दा माथिका विषय विज्ञ मात्र र सहप्रशासक वा सो सरहका पदहरूका लागि प्रशासक वा प्राध्यापक वा नेपाल सरकार वा अन्य क्षेत्रका विशिष्ट श्रेणीका विषय विज्ञ मात्र विशेषज्ञ बन्न सक्नेछन ।

✪(६) अन्तर्वार्तामा बस्न अध्यक्ष, सदस्य तथा विशेषज्ञहरूका पति-पत्नी, छोरा-बुहारी, छोरी-ज्वाइँ, धर्मपुत्र र धर्मपुत्री, नाति-नातिना, बाबु-आमा वा सौतेनी आमा, एकै बाबुबाट जन्मिएका दाजु-भाइ र निजका पत्नी एवं उनीहरूका छोराछोरीहरू, एकै बाबुबाट जन्मिएका दिदी-बहिनी र निजका पति एवं उनीहरूका छोराछोरीहरु, मामा-माइजु एवं उनीहरुका छोराछोरीहरु, फुपु फुपाजू एवं उनीहरुका छोराछोरीहरु, विवाहित पुरुष कर्मचारीको हकमा निजका सासु ससुरा, साला साली तथा उनीहरुका पति-पत्नी र छोरा-छोरीहरु तथा विवाहित महिला कर्मचारीको हकमा निजका सासु-ससुरा, देवर-जेठाजु र उनीहरुका पत्नी तथा छोराछोरीहरु, नन्द आमाजु र उनीहरुका पति तथा छोरा-छोरीहरुमध्ये कुनै नाता पर्ने भएमा त्यस्तो नाता पर्ने व्यक्ति वा

पदाधिकारी सो पदको कुनै पनि दिनको अन्तर्वार्तामा विशेषज्ञको रूपमा नियक्त हुन सक्ने छैनन्। यस व्यवस्थाले सेवा आयोगका अध्यक्ष अन्तर्वार्तामा बस्न र मूल्याङ्कन गर्न नमिल्ने भएमा सेवा आयोगको बैठकबाट निर्णय गरी सेवा आयोगका एक जना सदस्यले सो पदको अन्तर्वार्ता सञ्चालन र नतिजा प्रकाशन गर्ने बैठकको अध्यक्षता गर्नेछन् । सेवा आयोगका अध्यक्ष र सदस्यहरु सबै एकै पटक अन्तर्वार्तामा बस्न र मूल्याङ्कन गर्न नमिल्ने भएमा आयोगबाट तोकिएको एकजना विज्ञले अध्यक्षता ग्रहण गरी सो पदको अन्तर्वार्ता सञ्चालन गर्ने र आयोगका अध्यक्ष र सदस्यहरुले गर्ने मूल्यांकन गर्नेछन् । अध्यक्ष र सदस्यहरुको उपस्थितिमा मात्र आयोगको बैठक बस्ने नियमको बाध्यात्मक व्यवस्था भएको हुँदा सो पदको नतिजा प्रकाशन गर्ने बैठकको अध्यक्षता गर्न र नतिजा प्रकाशन गर्न भने सेवा आयोगका अध्यक्ष र सदस्यलाई बाधा पर्ने छैन ।

(७) सेवा आयोगका अध्यक्ष र सदस्यहरूले दिएको अङ्कको औसत र विशेषज्ञहरूले दिएको अङ्कको औसत जोडी प्राप्त हुन आएको अङ्कको जोड उम्मेदवारको प्राप्ताङ्क हुनेछ ।

✪(८) सेवा आयोगका अध्यक्ष, सदस्यहरू वा विषय विशेषज्ञले उम्मेदवारलाई अन्तर्वार्ताको पूर्णाङ्कको ७० प्रतिशतभन्दा बढी र ४० प्रतिशतभन्दा घटी अङ्क दिन परेमा सोको कारण जनाउनु पर्नेछ । यसरी कारण नखोली अङ्क दिएको पाइएमा बढीमा ७० प्रतिशत र घटीमा ४० प्रतिशत अङ्क दिएको मानी गणना गरिनेछ । साथै कारण खोलेर पूर्णाङ्कको ७० प्रतिशत भन्दा बढी र ४० प्रतिशतभन्दा घटी अङ्क दिएको अवस्थामा पनि सेवा आयोगका अध्यक्ष, सदस्यहरू तथा विषय विशेषज्ञहरूसमेत गरी अन्तर्वार्ता समितिका ५० प्रतिशतभन्दा बढी सदस्यले त्यसरी कारण खुलाई अङ्क प्रदान गरेको अवस्थामा मात्र मान्य हुनेछ। अन्यथा बढीमा ७० प्रतिशत र घटीमा ४० प्रतिशत नै मानी अङ्क गणना गरिनेछ ।

(९) खुला प्रतियोगिता अन्तर्गत सिफारिस गर्ने क्रममा कुनै उम्मेदवारको अन्तर्वार्ताको प्राप्ताङ्क अन्तर्वार्ताको पूर्णाङ्कको ४० प्रतिशतभन्दा कम भएमा उम्मेदवार सिफारिस हुने छैन ।

## परिच्छेद ११
## सिफारिस

**३९. योग्यताक्रमको सूची तथा सिफारिस सम्बन्धी व्यवस्था :** (१) उम्मेदवारहरूले प्राप्त गरेको प्राप्ताङ्क तालिकीकरण गरी योग्यता क्रमको सूची तयार गरिने र तोकिएको दरबन्दीको आधारमा नतिजा प्रकाशन गर्नुपर्नेछ । बढुवा पतियोगिता अन्तर्गत सफल भएका उम्मेदवारहरूमध्ये अन्तिम उम्मेदवारले प्राप्त गरेको कुल अङ्क प्रकाशित गर्नुपर्नेछ ।

✪(१क) बढुवा प्रतियोगितामा तोकिएको सङ्ख्या भन्दाकम सङ्ख्यामा सिफारिस भएमा बाँकी हुन आएको सङ्ख्या आन्तरिक प्रतियोगितामा थप गरी र आन्तरिक प्रतियोगितामा तोकिएको सङ्ख्या भन्दा कम सङ्ख्यामा सिफारिस भएमा बाँकी हुन आएको सङ्ख्या खुला प्रतियोगितामा थप गरी सिफारिस गरिनेछ ।

(२) पदपूर्तिका लागि अन्तिम नतिजा प्रकाशित गर्दा सबैभन्दा पहिले खुलातर्फ सिफारिस हुने उम्मेदवारको नामावली प्राथमिकतमा राखी नतिजा प्रकाशित गरिने र त्यसपछि समावेशी तर्फ सिफारिस हुने उम्मेदवारको नामावली प्रकाशित गरिनेछ । समावेशी अन्तर्गत सर्वप्रथम पिछडिएको क्षेत्रतर्फ सिफारिस हुने उम्मदवारहरूको नामावली प्रकाशित गरी त्यसपछि क्रमशः अपाङ्ग, दलित, मधेसी, आदिवासी/जनजाति र महिला वर्ग/समूहतर्फको नतिजा प्रकाशित

गरिनेछ । खुला समूहबाट वा कुनै एक वर्ग/क्षेत्रमा नाम सिफारिस भएपछि अरु वर्ग/समूहबाट निजको नाम स्वतः हटाइने छ।

(३) पदपूर्तिका लागि अन्तिम नतिजा प्रकाशित गर्दा समावेशीतर्फ छुट्याइएको पदमा लिखित वा अन्तर्वार्ताबाट उपयुक्त उम्मेदवार सिफारिस हुन सक्ने अवस्था नरहेमा त्यस्ता पद खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गरी पदपूति गरिनेछ।

(४) बढुवा तथा आन्तरिक प्रतियोगिताद्वारा नियुक्तिका लागि सेवा आयोगबाट गरिएका सिफारिस उपर चित्त नबुझेमा त्रि.वि. शिक्षक कर्मचारी सेवा सम्बन्धी नियम २०५० का नियम ७ का उपनियम (४) बमोजिम त्रि.वि. सेवा आयोगद्वारा सिफारिस गरिएको मितिले २० दिनभित्र त्रिभुवन विश्वविद्यालय पुनरावेदन आयोग समक्ष उजुरी गर्न सकिनेछ। उजुरीको प्रयोजनको निमित्त सो नामावली प्रकाशित भएको मितिबाट बीस दिनसम्म बढुवा सिफारिस पाउने उम्मेदवारलाई बढुवा नियुक्ति नदिई प्रतीक्षा सूचीमा राखिनेछ। उपर्युक्त सिफारिस उपर उजुरी नपरेमा सो नामावली प्रकाशित भएको मितिले एक्काइसौँ दिन (उजुर गर्न म्याद सकिएको भोलिपल्ट) का मितिबाट बढुवा हुने श्रेणीको ज्येष्ठता कायम हुने गरी नियुक्ति दिनुपर्नेछ।

(५) सेवा आयोगबाट बढुवा र आन्तरिक प्रतियोगिताद्वारा नियुक्तिका लागि सिफारिस हुने उम्मेदवार उपनियम (४) बमोजिमको उजुरी गर्न सकिने म्यादसम्म विश्वविद्यालयको नियमानुसार अनिवार्य अवकाश हुने रहेछ भने सेवा आयोगले त्यस्ता उमेदवारको नाम सिफारिस सूचीबाट हटाउनेछ।

(६) बढुवा वा आन्तरिक प्रतियोगिताबाट हुने पदोन्नतिका सिलसिलामा कुनै पनि कर्मचारी तह नाघी माथिल्लो पदका लागि उम्मेदवारी दिन पाउने छैन।

४०. **बराबर अङ्क प्राप्त गरेका उम्मेदवारहरूको योग्यताक्रम सूची सम्बन्धी व्यवस्थाः** (१) बढुवा प्रतियोगितामा बराबर अङ्क प्राप्त गरेका उम्मेदवारहरूको योग्यताक्रम निर्धारण गर्दा आवेदित पदभन्दा एक तहमुनिको पदमा स्थायी भएको वा पदोन्नति भएको जेष्ठताको आधारमा र सो पनि बराबर भएमा शैक्षिक योग्यताको महलमा बढी अङ्क आएको आधारमा गरिनेछ। यसबाट पनि जेष्ठता नछुट्टिएमा सुरु स्थायी नियुक्ति मितिको जेष्ठताका आधारमा र सोबाट पनि जेष्ठता नछुट्टिएमा उमेरको जेष्ठताको आधारमा गरिनेछ।

(२) आन्तरिक प्रतियोगितामा उम्मेदवारहरूको कुल प्राप्ताङ्क बराबर हुन गएमा आवेदित पदभन्दा एक तहमुनिको पदमा स्थायी भएको वा पदान्नति भएको जेष्ठताको आधारमा र सो पनि बराबर भएमा लिखित परीक्षामा प्राप्त गरेको बढी अङ्कको आधारमा गरिनेछ। सो पनि बराबर भएमा शैक्षिक योग्यताको महलमा बढी अङ्क आएको आधारमा गरिनेछ। शैक्षिक योग्यतामा पनि बराबर भएमा अन्तर्वार्तामा विशेषज्ञ समूहबाट प्रदान गरेको बढी अङ्कका आधारमा र सोबाट पनि वरिष्ठता नछुट्टिएमा उमेरको जेष्ठताको आधारमा गरिनेछ।

(३) खुला प्रतियोगितामा उम्मेदवारहरूको कुल प्राप्ताङ्क बराबर हुन गएमा शैक्षिक योग्यताका महलमा बढी अङ्क आएको आधारमा गरिनेछ। शैक्षिक योग्यतामा प्राप्त अङ्क पनि बराबर भएमा लिखित परीक्षा हुने पद भए लिखित परीक्षामा प्राप्त गरेको बढी अङ्कका आधारमा गरिनेछ। सो पनि बराबर भएमा वा लिखित परीक्षा नहुने पद भए अन्तर्वार्तामा विशेषज्ञ समूहबाट प्रदान गरेको बढी अङ्कको आधारमा र सोबाट पनि वरिष्ठता नछुट्टिएमा उमेरको जेष्ठताको आधारमा गरिनेछ।

**४१. परीक्षाको मर्यादा कायम गर्ने :** प्रतियोगितामा सम्मिलित कुनै उम्मेदवारले झुट्टा विवरण दिएमा वा लिखित परीक्षा वा अन्तर्वार्तामा कुनै अनियमित कार्य वा मर्यादा भङ्ग गरेमा सेवा आयोगले त्यस्ता उम्मेदवारलाई निजको कसुर हेरी सेवा आयोगबाट लिइने कुनै पनि प्रतियोगितामा कुनै खास अवधिका लागि भाग लिन नपाउने गरी अयोग्य घोषित गर्न सक्नेछ ।

**४२. सिफारिस बदर हुने अवस्था :** (१) प्रतियोगितामा सम्मिलित कुनै उम्मेदवारले नतिजालाई प्रभावित पार्ने गरी झुट्टा विवरण दिई सिफारिस भएको पाइएमा निजको सिफारिस स्वतः रद्द हुनेछ ।

(२) उम्मेदवारको मूल्याङ्कन तालिकामा कुनै भुलचुक भई पहिले सिफारिस वा नियुक्ति समेत भइसकेका कुनै उम्मेदवार सिफारिस वा नियुक्त हुन नसक्ने अवस्था प्रमाणित हुन आएमा सेवा आयोगले त्यस्ता उम्मेदवारको सिफारिस बदर गर्न सक्नेछ ।

(३) बढुवा र आन्तरिक प्रतियोगितामा सम्मिलित हुन आवेदन दिएका कुनै उम्मेदवारले अन्तिम नतिजा प्रकाशन हुनुपूर्व नै विश्वविद्यालय सेवाबाट राजीनामा दिएमा वा कुनै पनि कारणले विश्वविद्यालय सेवाबाट अवकाश पाएमा त्यस्ता उम्मेदवारको आवेदन फाराम तथा सिफारिस भइसकेको भए सो सिफारिस समेत स्वतः रद्द हुनेछ ।

**४३. योग्यताक्रमको आधारमा पदस्थापन गर्ने : (१)** सेवा आयोगबाट सिफारिस भएका कर्मचारीको पदस्थापना गर्दा विज्ञापन प्रकाशित गर्दा तोकिएको निकाय र दरबन्दीमा सिफारिस योग्यताक्रम अनुसार रोजेको स्थानमा पदस्थापन गरिनेछ । तर सिफारिस गरिएको कर्मचारी तोकिएको मितिमा सम्पर्कमा नआएमा वा कुनै कर्मचारीको सेवा तोकिएको कुनै निकायमा आवश्यक छ भन्ने विश्वविद्यालयलाई लागेमा त्यस्तो कर्मचारीलाई उसको रुचिअनुसार नियुक्ति नगरी अन्य स्थानमा पनि नियुक्ति गर्न सकिनेछ ।

✪(२) विनियम ४ बमोजिम अवकाश वा बढुवाबाट पद रिक्त हुने पदमा विज्ञापन गर्दा कुनै कारणले त्यस्ता पद रिक्त नभई नियुक्ति गर्न नसकिने भएमा अन्य निकायमा रिक्त भएको दरबन्दीमा नियुक्ति गर्न सकिनेछ । अन्य निकायमा पनि सो पदको रिक्त दरबन्दी नभएमा कर्मचारी प्रशासन महाशाखामा रहेको अतिरिक्त समूहमा विशेष दरबन्दी सिर्जना गरी नियुक्ति गरिनेछ । त्यसरी नियुक्ति गरिसकेपछि कुनै निकायको सो पदको दरबन्दी रिक्त भएमा सरुवा गरी पदस्थापना गरिनेछ ।

✪(३) नियुक्तिका लागि सिफारिस भएका कर्मचारीहरुलाई कुनै निकायमा तोकेर नियुक्ति नगरी कर्मचारी प्रशासन महाशाखामा रहेको अतिरिक्त समूहमा विशेष दरबन्दी सिर्जना गरी नियुक्ति गरेर सेवा प्रवेश तालिममा सहभागी गराउन सकिनेछ । त्यस्ता कर्मचारीलाई पछि सम्बन्धित निकायहरुमा पदस्थापना गरिनेछ ।

✪४४. अस्थायी र करारमा नियुक्ति प्रयोजनार्थ सूची प्रकाशित गर्ने : सेवा आयोगले सञ्चालन गरेका खुला प्रतियोगिताको लिखित परीक्षामा उत्तीर्णाङ्क प्राप्त गरेका स्थायी नियुक्तिका लागि सिफारिस नभएका उम्मेदवारहरूमध्येबाट अस्थायी वा करार नियुक्ति गर्ने प्रयोजनका लागि सूची प्रकाशित गरिनेछ । विश्वविद्यालय सेवाका कुनै पद कुनै कारणले रिक्त भएमा र सो पदमा अस्थायी वा करार नियुक्ति गर्नुपर्ने भएमा सेवा आयोगले प्रकाशित गरेको सो योग्यताक्रमको सूचीमा समावेश भएका व्यक्तिहरुबाट योग्यताक्रमको आधारमा आवश्यकता अनुसार सम्बन्धित निकायले नियुक्ति गर्नेछ ।

✪४४क) पद परिवर्तन सम्बन्धी व्यवस्था : (१) कुनै कर्मचारीले कार्यरत रहेको पदको समान श्रेणीको पदमा पद परिवर्तन गर्न चाहेमा कार्यरत निकायको सिफारिस सहित रजिष्ट्रार समक्ष निवेदन दिनुपर्दछ ।

(२) उपविनियम (१) बमोजिम निवेदन दिने कर्मचारीको न्यूनतम शैक्षिक योग्यता पद परिवर्तन गर्न

चाहेको पदका लागि तोकिएको अनुसूची ४ बमोजिमको न्यूनतम शैक्षिक योग्यता हुनुपर्नेछ ।

(३) कर्मचारीले परिवर्तन गर्न चाहेको पदमा पद परिवर्तन गर्दा विश्वविद्यालयको हित हुने देखिएमा रजिष्ट्रारले सेवा आयोगको रायका लागि पठाउनेछन् ।

(४) सेवा आयोगले त्यस लगत्तै हुने सो पदको आन्तरिक प्रतियोगिताको कुनै एक पत्रमा निजलाई सहभागी हुने मौका प्रदान गर्नेछ । सो पत्रमा उत्तीर्णाङ्क प्राप्त गरेमा सेवा आयोगले पद परिवर्तन गर्न सकिने राय प्रदान गर्नेछ ।

(५) उपविनियम (४) बमोजिमको राय प्राप्त भएपछि कार्यकारी परिषद्ले पद परिवर्तन गर्न स्वीकृति प्रदान गर्नेछ ।

## परिच्छेद १२
## विविध

**४५. बढुवा वा आन्तरिक प्रतियोगिताका लागि उम्मेदवार हुन नपाउने व्यवस्था :** देहायको अवस्थामा देहायको अवधिभर विश्वविद्यालयको कुनै पनि कर्मचारी बढुवा वा आन्तरिक प्रतियोगिताका लागि उम्मेदवार हुन वा रहन पाउने छैन ।

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर ।

(ख) बढुवा रोक्का गरिएको भए त्यसरी रोक्का भएको अवधिभर ।

(ग) तलब, ग्रेड वृद्धि रोक्का भएको भए त्यसरी रोक्का भएको अवधिभर ।

(घ) हालको पदमा तीन पटकसम्म नसिहत पाएको भए अन्तिम पटक नसिहत पाएको मितिले एक वर्षसम्म ।

(ङ) सेवा समूह परिवर्तन भए त्यसरी सेवा समूह परिवर्तन भएको एक वर्षसम्म बढुवाका लागि उम्मेदवार हुन पाउने छैन । तर एक वर्ष पूरा भएपछि समान पदमा अन्य सेवामा गरेको अवधि पनि गणना गरिनेछ ।

**४६. खुला प्रतियोगिताका लागि उम्मेदवार हुन नपाउने व्यवस्था :** देहायको अवस्थामा कुनै पनि व्यक्ति विश्वविद्यालय सेवाका लागि खोलिएको विज्ञापनमा उम्मेदवार हुन वा रहन पाउन छैन :

(क) उमेरको हदभित्र नभएका व्यक्ति :

यस प्रयोजनका निमित्त उमेरका हद भन्नाले अधिकृत स्तरका पदहरूका लागि २१ वर्ष पूरा भई ४० वर्ष ननाघेका र अधिकृत स्तरभन्दा तल्ला पदहरूका लागि १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ । तर त्रि.वि. सेवाका स्थायी, अस्थायी वा करार बहालवाला कर्मचारीले खुला प्रतियोगितामा सामेल हुन चाहेमा उमेरको हद लागू हुने छैन ।

(ख) भविष्यमा सरकारी सेवा वा विश्वविद्यालय सेवाका निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको व्यक्ति ।

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको व्यक्ति ।

(घ) गैर नेपाली नागरिक ।

**४७. आवेदन दस्तुरसम्बन्धी व्यवस्था :** विश्वविद्यालय सेवाको बढुवा, आन्तरिक वा खुला प्रतियोगिताका लागि आवेदन फाराम भर्दा लाग्ने दस्तुर सेवा आयोगले तोक्नेछ ।

**४८. खारेजी र बचाउ** : (१) सेवा आयोगबाट निर्धारित "त्रिभुवन विश्वविद्यालय कर्मचारीहरूको नियुक्ति र बढुवाका लागि कार्यसम्पादन मूल्याङ्कन तथा कार्यक्षमता अङ्क विभाजन एवं सिफारिस सम्बन्धी कार्यविधि, २०६८" खारेज गरिएको छ ।

(२) "त्रिभुवन विश्वविद्यालय कर्मचारीहरूको नियुक्ति र बढुवाका लागि कार्यसम्पादन मूल्याङ्कन तथा कार्यक्षमता अङ्क विभाजन एवं सिफारिस सम्बन्धी कार्यविधि, २०६८ बमोजिम भए गरेका सबै काम कारबाही यसै विनियम बमोजिम भए गरेको मानिनेछ ।

**४९. व्याख्या र बाधा अड्काउ फुकाउने व्यवस्था :** यो विनियमका व्याख्या र बाधा अड्काउ फुकाउने अधिकार **सेवा आयोगलाई** हुनेछ ।

## अनुसूची १

**समावेशीतर्फ छुट्याइएका पदमा दरखास्त दिँदा देहायका आधारमा दिनु पर्नेछः**

**१. आदिवासी/जनजातिका हकमा :**

आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएका जातिको हकमा सोही सूचीको आधारमा,

तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएका जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

**२. मधेसीका हकमा :**

मधेसीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमका संस्थाबाट मधेसी भनी प्रमाणित गरेको आधारमा,

तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ ।

**३. दलितका हकमा :**

दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिका हकमा सोही सूचीको आधारमा,
तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा
सम्बन्धित वडा कार्यालयबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नुपर्नेछ ।

**४. अपाङ्गका हकमा :**

अपाङ्गका हकमा अपाङ्गताको परिचयपत्र वितरण गर्न नेपाल सरकारले तोकेको निकायबाट अपाङ्ग भनी दिएको परिचयपत्रका आधारमा

**५. पिछडिएका क्षेत्रका हकमा :**

पिछडिएको क्षेत्र भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनु पर्दछ । पिछडिएको क्षेत्र समूहबाट आवेदन दिनेहरूले यहाँ उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको पत्र दरखास्तसाथ पेश गर्नु पर्नेछ ।

## ✪अनुसूची २
## भौगोलिक वर्गीकृत क्षेत्रका जिल्लाहरू

**'क' वर्गका जिल्लाहरू**

१. जुम्ला २. तेह्रथुम ३. भोजपुर ४. डोटी ५. डडेल्धुरा ।

**'ख' वर्गका जिल्लाहरू**

वर्ग "क" का जिल्ला बाहेक उपत्यका बाहिरका जिल्लाहरु ।

**'ग' वर्गका जिल्लाहरू**

१. भक्तपुर  २. काडमाडौं ३. ललितपुर ।

**@अनुसूची ३**

(विनियम २९ को उपविनियम (१) सँग सम्बन्धित)

## त्रिभुवन विश्वविद्यालय

## कार्य सम्पादन मूल्याङ्कन फाराम

मूल्याङ्कन गरेको आ.व.: कर्मचारी सङ्केत नं.: हालको पद :

कर्मचारीको नाम : हालको पदमा नियुक्ति मिति :

कार्यालयको नाम : सेवा, समूह :

श्रेणी : माथिल्लो शैक्षिक योग्यता :

**कार्यालयमा सम्पादन गरेका मुख्य कामहरु :**

१.

२.

३.

४.

५.

कर्मचारीको सही : मिति :

कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन गर्न देहाय अनुसार उत्कृष्ट, राम्रो, सन्तोषजनक स्केलका १० वटा बुँदाहरु दिइएका छन् । मूल्याङ्कनकर्ताले प्रत्येक बुँदामा दिइएको उचित स्केल सबैमा रेजा (✓) चिह्न लगाई मूल्याङ्कन गर्नु अनिवार्य हुनेछ । कुनै कोठामा रेजा नलगाएको पाइएमा त्यसमा सन्तोषजनक स्तर कायम हुनेछ ।

मूल्याङ्कनकर्ताहरुबाट प्रदत्त अङ्क ८० प्रतिशतभन्दा बढी र ६० प्रतिशतभन्दा घटी भएमा औचित्यपूर्ण कारण जनाउनु पर्नेछ । कारण नजनाई प्राप्ताङ्क ८० प्रतिशतभन्दा बढी वा ६० प्रतिशतभन्दा घटी दिएको पाइएमा बढीमा ८० प्रतिशत र घटीमा ६० प्रतिशत अङ्क नै कायम हुनेछ । तर २५ प्रतिशतभन्दा कम अङ्क दिन पाइने छैन । यदि सोभन्दा कम अङ्क दिएमा ६० प्रतिशत अङ्क कायम हुनेछ ।

| **कार्यालय प्रयोजनका निमित्त** | |
|---|---|
| सुपरिवेक्षकबाट प्रदत्त अङ्क | |
| प्रमुख मूल्याङ्कनकर्ताबाट प्रदत्त अङ्क | |
| पुनर्मूल्याङ्कनकर्ताबाट प्रदत्त अङ्क | |
| जम्मा अङ्क | |

## सुपरिवेक्षक र प्रमुख मूल्याङ्कनकर्ताको मूल्याङ्कन

| | सुपरिवेक्षकबाट प्रदत्त अङ्क (पूर्णाङ्क ३०) | | | प्रमुख मूल्याङ्कनकर्ताबाट प्रदत्त अङ्क (पूर्णाङ्क ५०) | | |
|---|---|---|---|---|---|---|
| मूल्याङ्कनका आधारहरु | उत्तम ३ | राम्रो २.२५ | सन्तोषजनक १.७५ | उत्तम ५ | राम्रो ४ | सन्तोषजनक ३ |
| १. नैतिकता र आचरण | | | | | | |
| २. तोकिएको कार्य सम्पादन स्तर | | | | | | |
| ३. कार्यप्रति उत्साह र लगनशीलता | | | | | | |
| ४. अरु कर्मचारीसँग मिलेर काम गर्ने क्षमता | | | | | | |
| ५. सृजनात्मक शैलीबाट काम गर्ने क्षमता | | | | | | |
| ६. निर्देशनको पालना | | | | | | |
| ७. कार्य सम्पादन क्षमता, निर्णय गर्न सक्ने | | | | | | |
| ८. पेसागत श्रृजनशिलता र पेसागत प्रतिबद्धता | | | | | | |
| ९. सूचना प्रविधिको प्रयोगमा दक्षता | | | | | | |
| १०. सेवाग्राहीप्रतिको व्यवहार | | | | | | |
| कार्यालयको छाप | कुल प्राप्ताङ्क (अङ्कमा) :<br>अक्षरमा : | | | कुल प्राप्ताङ्क (अङ्कमा) :<br>अक्षरमा : | | |
| | सुपरिवेक्षकको नाम :<br>पद :<br>दस्तखत :<br>मिति : | | | प्रमुख मूल्याङ्कनकर्ताको नाम :<br>पद :<br>दस्तखत :<br>मिति : | | |
| ८० प्रतिशतभन्दा बढी र ६० प्रतिशतभन्दा घटी दिएमा खुलाउनुपर्ने कारण | सुपरिवेक्षकको | | | प्रमुख मूल्याङ्कनकर्ताको | | |

| पुनर्मूल्याङ्कनकर्ता/पुनरावलोकनकर्ताबाट प्रदत्त अङ्क (पूर्णाङ्क २०) | | |
|---|---|---|
| प्रदान गरेको अङ्क | | कार्यालयको छाप |
| अक्षरमा | | |
| नाम : | | |
| दस्तखत : | | |
| मिति : | | |
| ८० प्रतिशतभन्दा बढी र ६० प्रतिशतभन्दा घटी दिएमा खुलाउनुपर्ने कारण | | |

# ❁अनुसूची ४
## न्यूनतम शैक्षिक योग्यता

देहायका पदहरुको खुला प्रतियोगिताका लागि न्यूनतम शैक्षिक योग्यता देहायको तह वा सो सरह उत्तीर्ण हुनुपर्नेछ ।

| क्र.सं. | पद | सेवा | समूह | उपसमूह | श्रेणी | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| १. | उपप्रशासक | प्रशासन | प्रशासन | प्रशासन | अधिकृत द्वितीय | कुनै विषयमा स्नातकोत्तर |
| २. | शाखा अधिकृत | प्रशासन | प्रशासन | प्रशासन | अधिकृत तृतीय | कुनै विषयमा स्नातक |
| ३. | मुख्य कार्यालय सहायक | प्रशासन | प्रशासन | प्रशासन | सहायक प्रथम | कुनै विषयमा प्रवीणता प्रमाणपत्र/१०+२ उत्तीर्ण |
| ४. | कार्यालय सहायक | प्रशासन | प्रशासन | प्रशासन | सहायक द्वितीय | कुनै विषयमा प्रवेशिका उत्तीर्ण |
| ५. | कानुनी सल्लाहकार /उप-प्रशासक (कानुन) | प्रशासन | प्रशासन | कानुन | अधिकृत द्वितीय | कानुन विषयमा स्नातकोत्तर |
| ६. | सहायक कानुनी सल्लाहकार/कानुन अधिकृत | प्रशासन | प्रशासन | कानुन | अधिकृत तृतीय | कानुन विषयमा स्नातक |
| ७. | मुख्य कानुनी सहायक | प्रशासन | प्रशासन | कानुन | सहायक द्वितीय | कानुन विषय लिई प्रवीणता प्रमाणपत्र/१०+२ उत्तीर्ण |
| ८. | आर्थिक उपनियन्त्रक | प्रशासन | आर्थिक प्रशासन | | अधिकृत द्वितीय | लेखा वा वाणिज्यशास्त्र विषयमा स्नातकोत्तर उत्तीर्ण |
| ९. | लेखा अधिकृत | प्रशासन | आर्थिक प्रशासन | | अधिकृत तृतीय | व्यवस्थापन विषयमा स्नातक |
| १०. | मुख्य लेखा सहायक | प्रशासन | आर्थिक प्रशासन | | सहायक प्रथम | लेखा वा वाणिज्यशास्त्र विषय लिई प्रवीणता प्रमाणपत्र |
| ११. | लेखा सहायक | प्रशासन | आर्थिक प्रशासन | | सहायक द्वितीय | लेखा वा वाणिज्यशास्त्र वा अर्थशास्त्र विषय लिई प्रवेशिका |
| १२. | उपपुस्तकालयध्यक्ष | प्रशासन | पुस्तकालय | | अधिकृत द्वितीय | पुस्तकालय विज्ञान विषयमा स्नातकोत्तर |
| १३. | पुस्तकालय अधिकृत | प्रशासन | पुस्तकालय | | अधिकृत तृतीय | पुस्तकालय विज्ञान विषयमा स्नातक |
| १४. | मुख्य पुस्तकालय सहायक | प्रशासन | पुस्तकालय | | सहायक प्रथम | पुस्तकालय विज्ञान विषय लिई प्रवीणता प्रमाणपत्र/१०+२ वा कुनै विषयमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी कुनै पनि विश्वविद्यालयबाट पुस्तकालय विज्ञान विषयमा एक वर्षे डिप्लोमा उत्तीर्ण वा<br>प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी पुस्तकालय विज्ञान विषय लिई सि.टि.इ.भि.टी.बाट तह ३ उत्तीर्ण वा कुनै विषयमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी कुनै साङ्गठनिक संस्थाबाट कम्तीमा तीन महिनाको पुस्तकालयसम्बन्धी संस्थागत तालिम प्राप्त । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५. | पुस्तकालय सहायक | प्रशासन | पुस्तकालय | | सहायक द्वितीय | प्रवेशिका वा सो सरहको परीक्षा उत्तीर्ण गरी कम्तीमा एक महिनाको पुस्तकालयसम्बन्धी संस्थागत तालिम प्राप्त वा प्रवेशिका वा सोसरहको परीक्षा उत्तीर्ण गरी सि.टि.इ.भि.टी.बाट पुस्तकालय विज्ञान विषयमा तह २ उत्तीर्ण गरेको |
| १६. | नर्सिङ उपनियन्त्रक | प्रशासन | स्वास्थ्य | नर्सिङ | अधिकृत द्वितीय | नर्सिङ विषयमा स्नातकोत्तर |
| १७. | नर्सिङ अधिकृत | प्रशासन | स्वास्थ्य | नर्सिङ | अधिकृत तृतीय | नर्सिङ विषयमा स्नातक |
| १८. | स्टाफ नर्स | प्रशासन | स्वास्थ्य | नर्सिङ | सहायक प्रथम | नर्सिङ विषयमा प्रवीणता प्रमाणपत्र |
| १९. | प्रविधिक उपनियन्त्रक (जनस्वास्थ्य) | प्रशासन | स्वास्थ्य | जनस्वास्थ्य | अधिकृत द्वितीय | जनस्वास्थ्य विषयमा स्नातकोत्तर |
| २०. | प्रविधिक अधिकृत (जनस्वास्थ्य) | प्रशासन | स्वास्थ्य | जनस्वास्थ्य | अधिकृत तृतीय | जनस्वास्थ्य विषयमा स्नातक |
| २१. | मुख्य प्राविधिक सहायक (जनस्वास्थ्य) | प्रशासन | स्वास्थ्य | जनस्वास्थ्य | सहायक प्रथम | जनस्वास्थ्य विषयमा प्रवीणता प्रमाणपत्र |
| २२. | प्राविधिक उपनियन्त्रक (सूचना प्रविधि) | प्रशासन | प्रविधिक | सूचना प्रविधि | अधिकृत द्वितीय | सूचना प्रविधि, कम्प्युटर विज्ञान, कम्प्युटर इन्जिनियरिङ्ग, सूचना प्रविधि शिक्षामध्ये कुनै विषयमा स्नातकोत्तर |
| २३. | प्राविधिक अधिकृत (सूचना प्रविधि) | प्रशासन | प्राविधिक | सूचना प्रविधि | अधिकृत तृतीय | सूचना प्रविधि, कम्प्युटर विज्ञान, कम्प्युटर इन्जिनियरिङ्ग, सूचना प्रविधि शिक्षामध्ये कुनै विषयमा स्नातक |
| २४. | मुख्य प्राविधिक सहायक (सूचना प्रविधि) | प्रशासन | प्राविधिक | सूचना प्रविधि | सहायक प्रथम | प्राविधिक धारको कम्प्युटर इन्जिनियरिङ्ग विषय लिई १०+२ वा सूचना प्रविधि, कम्प्युटर विज्ञान, कम्प्युटर इन्जिनियरिङ्ग, सूचना प्रविधि शिक्षा मध्ये कुनै विषयमा प्रवीणता प्रमाणपत्र |
| २५. | प्राविधिक सहायक (सूचना प्रविधि) | प्रशासन | प्राविधिक | सूचना प्रविधि | सहायक द्वितीय | प्राविधिक धारको कम्प्युटर इन्जिनियरिङ्ग विषय लिई एसइई |
| २६. | प्राविधिक अधिकृत (प्रयोगशाला) | प्रशासन | प्राविधिक | प्रयोगशाला | अधिकृत तृतीय | विज्ञान विषयमा स्नातक |
| २७. | मुख्य प्राविधिक सहायक (प्रयोगशाला) | प्रशासन | प्राविधिक | प्रयोगशाला | सहायक प्रथम | विज्ञान विषय लिई १०+२ वा सो सरह उत्तीर्ण गरी सि.टि.इ.भि.टी.बाट सो विषयमा तह ३ उत्तीर्ण गरेको |
| २८. | प्राविधिक सहायक (प्रयोगशाला) | प्रशासन | प्राविधिक | प्रयोगशाला | सहायक द्वितीय | विज्ञान विषय लिई एस.एल.सी. परीक्षा वा सो सरह उत्तीर्ण गरी सि.टि.इ.भि.टी.बाट ल्याब असिस्टेन्ट विषयमा तह २ उत्तीर्ण गरेको |

माथि उल्लेखित पदहरुबाहेक स्वास्थ्य समूह र प्राविधिक समूहका अन्य पदहरुको न्यूनतम शैक्षिक योग्यता कार्यकारी परिषद्ले तोकेकोमा सोही बमोजिम र नतोकेमा देहाय बमोजिम हुनेछ :

| क्र.सं. | पद | सेवा | समूह | श्रेणी | योग्यता |
|---|---|---|---|---|---|
| १. | प्राविधिक उपनियन्त्रक | प्रशासन | स्वास्थ्य | अधिकृत द्वितीय | पदसँग सम्बन्धित विषयमा स्नातकोत्तर |
| २. | प्राविधिक अधिकृत | प्रशासन | स्वास्थ्य | अधिकृत तृतीय | पदसँग सम्बन्धित विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको |
| ३. | मुख्य प्राविधिक सहायक | प्रशासन | स्वास्थ्य | सहायक प्रथम | पदसँग सम्बन्धित विषयमा प्रवीणता प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको |
| ४. | प्राविधिक सहायक | प्रशासन | स्वास्थ्य | सहायक द्वितीय | सम्बन्धित विषय लिई प्रवेशिका परीक्षा उत्तीर्ण गरेको वा प्रवेशिका परीक्षा वा सोसरहको परीक्षा उत्तीर्ण गरी सि.टि.इ.भि.टी.बाट एक वर्षे कोर्ष उत्तीर्ण गरेको |
| ५. | प्राविधिक उपनियन्त्रक | प्रशासन | प्राविधिक | अधिकृत द्वितीय | पदसँग सम्बन्धित विषयमा स्नातकोत्तर |
| ६. | प्राविधिक अधिकृत | प्रशासन | प्राविधिक | अधिकृत तृतीय | पदसँग सम्बन्धित विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको |
| ७. | मुख्य प्राविधिक सहायक | प्रशासन | प्राविधिक | सहायक प्रथम | सम्बन्धित विषय लिई १०+२ परीक्षा वा सो सरह उत्तीर्ण गरेको वा १०+२ परीक्षा वा सो सरह उत्तीर्ण गरी सि.टि.इ.भि.टी.बाट सो विषयमा तह ३ उत्तीर्ण गरेको |
| ८. | प्राविधिक सहायक | प्रशासन | प्राविधिक | सहायक द्वितीय | सम्बन्धित विषय लिई प्रवेशिका परीक्षा उत्तीर्ण गरी सि.टी.इ.भि.टी.बाट सो विषयमा तह २ उत्तीर्ण गरेको। |

**द्रष्टव्य :** नियम ११(४) मा व्यवस्था भए बमोजिम विभिन्न पदहरुका निमित्त तोकिएको तहको सम्बन्धित विषयको योग्यता नभए पनि सम्बन्धित विषयको माथिल्लो तहको सम्बन्धित विषयको शैक्षिक योग्यताका अधारमा आवेदन दिन सकिनेछ । यसरी माथिल्लो तहको योग्यताको आधारमा आवेदन गरेमा सो तहलाई नै न्यूनतम शैक्षिक योग्यता बापतको अङ्क प्रदान गरिनेछ । सोभन्दा माथिल्लो शैक्षिक योग्यतालाई मात्र माथिल्लो तहको शैक्षिक योग्यता बापतको अङ्क प्रदान गरिनेछ ।

---

**नोटः** प्रस्तुत विनियममा * सङ्केत भएका प्रसङ्गहरु त्रि.वि. कार्यकारी परिषद्को मिति २०७८ वैशाख १६ गतेको बैठकबाट, ** संकेत भएका प्रसङ्गहरु त्रि.वि. कार्यकारी परिषदको मिति २०७८ चैत्र २५ गतेको बैठकबाट, @ सङ्केत भएका प्रसङ्गहरु त्रि.वि. कार्यकारी परिषद्को मिति २०७९ मङ्सिर ११ गतेको बैठकबाट, ✪ सङ्केत भएका प्रसङ्गहरु त्रि.वि. कार्यकारी परिषद्को मिति २०८० असोज १९ गतेको बैठकबाट र ✡ सङ्केत भएका प्रसङ्गहरु त्रि.वि. कार्यकारी परिषद्को मिति २०८१ मङ्सिर २० गतेको बैठकबाट बैठकबाट संशोधन तथा थप व्यवस्था भएका प्रसङ्गहरु हुन् ।